# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

आमसञ्चार समाज रुपान्तरणको एक सशक्त माध्यम मानिन्छ । विगत केही दशकदेखि सञ्चारको क्षेत्रमा आएको क्रान्तिले सामाजिक तथा राजनीतिक परिवर्तनको गतिलाई नै द्रुत बनाई दिएको छ । सञ्चारका साधनहरु रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा पछिल्लो समयमा तिब्र विकास हुँदै गएको अनलाइन समाचार माध्यमलगायतले संसारलाई खुम्च्याएर सानो मात्र बनाएका छैन कि समाजका मूल्यमान्यता, संस्कार, व्यवहार, चाहना, समाजलाई हेर्ने दृष्टिकोण तथा सामाजिक संरचनालाई नै आमूल परिवर्तन गरिदिएको छ । यसरी हेर्दा सूचना शक्ति हो । सूचनासम्मको पहुँचले व्यक्ति, संस्था तथा समाजलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तर सूचना कुनै अवस्थामा कसैको लागि चुनौति बनेर पनि आएको हुन्छ भने धेरै अवस्थामा र धेरैका लागि रचनात्मक ढोका पनि बनेको हुन्छ । यसमध्ये पनि पत्रकारिता आमसञ्चारको एउटा सशक्त पक्षको रुपमा स्थापित भैसकेको छ । त्यसैले पत्रकारिता समाजको ऐनाको रुपमा स्थापित भइसकेको छ भन्दा फरक पर्दैन । पत्रकारिताले समाज तथा राज्य व्यवस्थाका विविध पक्षहरुको बारेमा पनि सञ्चार गर्ने भएको हुँदा समाज र राज्यलाई उत्तरदायी बनाउन र विद्यमान विभेदहरुको अन्त्य गर्न पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ र खेलिरहेको पनि छ ।

तसर्थ समाजलाई सकारात्मक दिशातर्फ डोऱ्याउन उल्लेख्य भूमिका भएको सञ्चार क्षेत्रको विभिन्न पक्ष र दृष्टिकोणबाट अनुसन्धान हुनु जरुरी छ । नेपालको सिङ्गो पत्रकारिता क्षेत्रभित्र विभिन्न अध्ययन भए पनि पत्रकार महिलाको अवस्था बारेमा

अध्ययन अनुसन्धानको शुरुवात भए पनि अहिलेसम्म कमै मात्र अध्ययन भएको पाइन्छ । त्यसो त पत्रकारितामा महिलासँग सम्बन्धित विषयमा किन अध्ययन गर्नुपर्‍यो भन्ने प्रश्न पनि आउन सक्छ । तर आवश्यक छ, किनकी कुनै पनि एउटा संरचना पूर्ण हुनलाई त्यहाँ विभिन्न कुरा हुनुपर्छ । जस्तै एउटा एउटा पूर्ण परिवार हुन आमाबाबु, दाजुभाइ, दिदीबहिनी हुनुपर्छ, त्यसै गरी पत्रकारिता एउटा क्षेत्र मान्ने हो भने त्यहाँ विभिन्न इकाइहरु हुन्छ र ती इकाइहरुको अध्ययन गर्नु आवश्यक हुन्छ । त्यसैले पत्रिकारिता क्षेत्रलाई पनि एउटा संरचना मान्ने हो भने त्यहाँ भित्र महिला, अरु समावेशी समूह वा अरु मिडिया विषयवस्तु आदिलाई इकाइ मानेर अध्ययन गर्न सकिन्छ । त्यसैअन्तर्गत यस अध्ययनमा मोफसलका सम्पादक तथा प्रकाशक महिलाहरुको स्थिति विषयमा एक अध्ययन गरिएको हो ।

समग्र पत्रकारिताका बारेमा गरिएका अध्ययन भन्दा फरक रहेर यो अनुसन्धान मोफसलका सम्पादक/प्रकाशक महिलाहरुको स्थितिको खोजमा केन्द्रित गरिएको छ । मूलतः यस अनुसन्धानले काठमाण्डौ उपत्यका अर्थात काठमाण्डौ, ललितपुर, भक्तपुर बाहेकका जिल्लाहरुलाई मोफसल भन्न खोजेको हो । हुन त मोफसल भन्ने शब्दलाई पत्रकारिता क्षेत्रले भने प्रयोग गर्ने कि नगर्ने भनेर बहस पनि चलाइरहेको छ । कुनै पनि क्षेत्रको एउटा केन्द्रविन्दु मानेर त्यस वरपरका क्षेत्रलाई मोफसल भन्ने प्रयोग साहित्यमा अलि बढी अभ्यासमा छ । यस अध्ययनले पनि काठमाण्डौ उपत्यकाको तीन जिल्लाबाहेकका जिल्लाहरुलाई मोफसल मानेको छ अर्थात पत्रिका कुन स्थानबाट प्रकाशित भएको छ भन्ने आधारमा मोफसललाई परिभाषित गर्न खोजिएको हो । यसरी छनौट गरिएको अधययन क्षेत्रमा रहेर दैनिक र साप्ताहिक प्रत्रिका प्रकाशन गर्दै आएका प्रकाशक र सम्पादकको बारेमा अध्ययन गरिएको हो । जसमा उनीहरुको भोगाई, अनुभव, प्रकाशनका सिलसिलामा भएका आर्थिक समस्या, महिला सम्पादक, प्रकाशकलाई गरिने विभिन्न क्षेत्रको व्यवहार, सामाजिक तथा पारिवारिक अप्ठ्यारा,

विभिन्न प्रकारका चुनौतिहरु आदि जस्ता विषयमा सङ्कलित सूचनाको आधारमा तथ्यपूर्ण निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

कुनै पनि क्षेत्रमा चुनौति हुन्छ, त्यहाँ विविध समस्या आइपर्छन्, हरेक पेशा व्यवसायमा लागेका महिलाहरुलाई महिला भएकै कारण पर्ने समस्या पनि त्यत्तिकै हुन्छन् । पत्रकारिता क्षेत्र त अछुतो रहने कुरै भएन ।

त्यसैले यही पत्रकारिता क्षेत्र भित्र छापा, रेडियो, टेलिभिजन तथा अनलाईन प्रकाशनमा कार्यरत महिला पत्रकारहरुको अवस्था कस्तो छ ? भन्ने सवालको अध्ययन चाहिं कतिको भएको छ भन्ने सवाल अर्कोतर्फ टड्कारोसँग खट्किएको छ । सिमित तहमा भएका यस्ता अध्ययनहरुले देखाएअनुसार पत्रकारितामा महिलाका असिमित समस्याहरु छन् तर सरोकारवाला निकायहरु अझै अनदेखा गरिरहेका छन् । मुख्य समस्या शारीरिकरुपले महिला भएका कारण रात साँझ हिंड्न, बिहान सबेरैको ड्युटी गर्न, पत्रकार भएपछि जति भेटघाट, छलफल समाचार स्रोतहरुसँग भेटघाट गरिरहनु पर्छ, त्यसो गर्दा चरित्रसँग जोडेर कुनै पुरुषसँग नाम जोडेर भन्ने गरिन्छ । त्यस्तै अहिलेसम्मको घरभित्र गर्नैपर्ने खाना पकाउने, कपडा धुनेजस्ता दिनुहुँ हुने तर मूल्यांकन नहुने काममा पनि महिलाहरुकै जिम्मामा भएको जस्तै हुन्छ । लिंगका आधारमा गरिएको त्यस्ता खालको लैंगिक विभेदले महिलाहरुलाई घरबाहिर निस्कन गाह्रो भइरहेको छ भने त्यसमा पनि पत्रकारिता जस्तो जुनसुकै समयमा हिंड्नको लागि तयारी अवस्थामा बस्नु पर्ने जस्तो पेशामा महिलालालाई पीडा छ । त्यस्तै रात साँझ हिंड्दा वा अरु काम विशेषले पुरुषहरुसँग पनि हिंड्नु पर्ने हुन्छ, त्यस्तो अवस्थामा घरपरिवार देखि समाजले कुरा काट्ने समस्या छ । जुन पुरुषलाई कहिल्यै नपर्ने अर्थात महिला भएका कारण महिलाले मात्र भोग्नुपर्ने समस्या हो ।

त्यसैले पछिल्लो समयमा जे जति महिलाहरु सञ्चारगृह चलाउने भएका त छन् तर उनीहरु विभिन्न त्यस्ता समस्याबाट अछुतो हुन सकेका छैनन् भन्ने अध्ययनको परिकल्पना हो । सञ्चारगृहको नेतृत्व तहमा पुगेको तथा पत्रपत्रिकाको प्रकाशक/ सम्पादक भए पनि उनीहरुले कारणले थप चुनौति खेप्नु परेको छ । चाहे त्यो व्यवसायिक होस् वा सामाजिक, आर्थिक वा अन्य कुनै किसिमका किन नहुन् ?[1]

विकासक्रमसँगै खुलेका पत्रपत्रिकाको स्थिति हेर्दा हाल देशभरि ५ हजार ८ सय ७३ पत्रपत्रिका छन्[2] । त्यसमध्ये दैनिक ४ सय २० र साप्ताहिक २ हजार एकसय ७४ वटा छ । ती मध्ये ३८ वटा पत्रपत्रिकामा मात्र महिलाहरु प्रकाशक/सम्पादकको भूमिकामा पाइएको छ ।[3] त्यस मध्ये पनि सम्पादक वा प्रकाशक महिला भएको दैनिक पत्रिकाको संख्या २ वटा मात्रै छ ।

त्यसैले प्रकाशक/ सम्पादक महिलाहरुको स्थिति कस्तो छ ? उनीहरुको व्यवसायिक समस्या के कस्ता छन् ? उनीहरुले के कस्ता विषयवस्तुलाई आफ्नो संचारमध्यममा प्राथमिकता दिन्छन् ? अनि उनीहरु यो पेशामा किन आए र किन छापा माध्यममा नै लाग्नु पऱ्यो ? संचार क्षेत्रमा भएका लैंगिक विभेद, यो पेशा सम्बन्धि पत्रकार महिलाहरुको धारणा आदि प्रश्नको सेरोफेरोमा रही शोधपत्र तयार गरिएको छ । अध्ययन क्षेत्रको रुपमा उपत्यका बाहिर (मोफसल) बाट प्रकाशित हुने दैनिक र साप्ताहिक पत्रिकालाई मात्र लिएको छ ।

---

[1] क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे) ले राजधानीमा गरेको सम्पादक/ प्रकाशक महिलाहरुले आदानप्रदान गरेको अनुभव ।

[2] सूचना विभाग, नेपाल सरकार, २०६६ ।

[3] सूचना विभागद्धारा प्रकाशित मिडिया डाइरेक्ट्री २०६८ ।

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययनको मुख्य उद्देश्य त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गर्नका लागि आवश्यक शोधपत्र तयार गर्नु हो । यस क्रममा काठमाण्डौ बाहिर रहेका महिला पत्रकारहरु जो प्रकाशन सम्पादनको माध्यमबाट पत्रकारिता क्षेत्रमा क्रियाशिल छन्, र उनीहरुको समग्र अवस्थाबारे खोजमुलक तथ्य पत्ता लगाउने रहेको छ भने यो अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

१. काठमाण्डौ बाहिरका सम्पादक/प्रकाशक महिलाको पेशागत दक्षता र महिलाले सम्पादन/प्रकाशन गरेको पत्रपत्रिकाको अवस्था पत्ता लगाउनु ।

२. पत्रकारिताको छापा माध्यममा लागेर प्रकाशक/सम्पादक नै हुनुको कारण पत्ता लगाउनु ।

३. पत्रिका प्रकाशन गर्दा प्रकाशक/सम्पादक महिलाहरुलाई पर्ने आर्थिक, सामाजिक, पारिवारिक समस्याको स्थिति पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व तथा औचित्य

यो अध्ययन मुलतः प्राज्ञिक दृष्टिले समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोतर तहको आंशिक अवश्यकता पूर्तिका हेतुले गरिएको हो । यसले मोफसलका महिला पत्रकारहरुले कस्तो र कुन अवस्थामा रहेर काम गरिरहेका छन् भन्ने देखाउने छ । त्यसमा पनि सम्पादक/प्रकाशक महिला तथा काठमाण्डौ उपत्यका बाहिर रहेर काम गर्ने महिलाको बारेमा अहिलेसम्म कुनै पनि अध्ययन अनुसन्धान नभएको अवस्थामा यो अध्ययन आफैंमा महत्वपूर्ण छ । विशेष गरी महिला नै प्रकाशक वा सम्पादक अथवा

प्रकाशक सम्पादक दुवै हुनेहरुको अवस्था कस्तो छ भन्ने जानकारीले काठमाण्डौ बाहिर बसेर पत्रिका प्रकाशन गर्ने नेपालका पत्रकार महिलाको समग्र अवस्था कस्तो छ भन्ने पत्ता लगाउनु आफैंमा यो अध्ययनको महत्व छ ।

हरेक क्षेत्रमा काठमाण्डौ उपत्यका भित्र अर्थात राजधानी काठमाण्डौ बाहिरका जिल्लाहरुको अवस्था अवस्य पनि फरक छ । काठमाण्डौ देशको राजधानी हरेक दृष्टिकोणले स्रोत साधनको पहुँचमा छ । शक्ति र सम्पर्कको दृष्टिले सुगम छ । तर बाहिरका जिल्लाहरु सबै क्षेत्रमा पछाडि परेको हाम्रो यथार्थ हो । त्यसैले काठमाण्डौ उपत्यका बाहिरका जिल्लाहरुमा रहेका सम्पादक/प्रकाशक महिला पत्रकारहरुको अवस्था र उनीहरुका समस्याको बारेमा अनुसन्धानात्मक विश्लेषण गरिएकाले यो अध्ययनले त्यहाँका महिला पत्रकारहरुको समस्या समाधानका लागि गर्नुपर्ने कार्यहरुको बारेमा जानकारी दिने अपेक्षा पनि गरिएको छ । यसैगरी सञ्चारगृह सञ्चालन गर्नेहरुका लागि पनि आफ्नो सञ्चार संस्थामा काम गर्ने पत्रकारहरुको समस्यालाई सुल्झाएर सहजरुपमा काम गर्ने वातावरण निर्माण गर्न सहयोग पुर्‍याउने छ । यस्तै मोफसलमा बसेर पत्रकारितामा संघर्षरत महिलाको पत्रकारिता र पत्रकारको अवस्थाको बारेमा अध्ययन गर्न चाहनेहरुका लागि सहयोगी हुने हुँदा यो शोधपत्रको आफ्नै किसिमको महत्व छ ।

वर्तमान नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना र संघीयकरण गर्ने सिलसिलामा हरेक दृष्टिकोणबाट पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्र राज्यको मुलधारमा आउनुपर्छ, यसमा कसैको दुईमत नहोला । त्यसका लागि प्रत्येक घरदेखि राज्य र त्यसका प्रत्येक अङ्ग आ-आफ्नो ठाउँबाट जिम्मेवार बन्नुपर्छ । त्यस्ता समुदायको पक्षमा यो आवाज संचार माध्यमहरुले सशक्तै रुपमा उठाइ दिएका छन् । तर संचारमाध्यम आफैं चाहिं

कति संवेदनशील छन् त ? महिलालगायत अहिलेसम्म पछाडि पारिएका क्षेत्र र वर्गको लागि, यो प्रश्न स्वयं संचारमाध्यमहरु माथि उठिरहेको छ र स्वभाविक पनि हो । परिवर्तनको पाठ सिकाउनेले आफैं पनि परिवर्तन भएर उदाहरणीय बन्न सक्नुपर्छ । राज्यको चौथो अंगको स्थान पाएका संचारमाध्यमहरु आफैं चाहिं कत्तिको संवेदनशील छन् त ? तर नेपाली संचारमाध्यम अहिलेसम्म जसरी परम्परागत ढंगबाट चले, अब त्यसै अनुसार अघि बढ्नु हुँदैन र सम्भव पनि छैन । समावेशी दृष्टिकोण, पनि विशेष गरी महिलाको आँखाबाट नेपाली संचारमाध्यमलाई हेर्ने हो भने अहिलेसम्म त्यो पाईंदैन । संचारमाध्यमका संचालक महिला औंलामा गन्न सकिन्छ । संचार माध्यमको सम्पादन गर्ने तहमा हेर्ने हो भने पनि त्यही अवस्था छ । तर पनि सञ्चार माध्यममा महिला सहभागिताको अवस्थाको तथ्याङ्कगत विवरण भने प्रस्तुत गर्ने गरी त्यस्ता अध्ययन अनुसन्धान भएको पाईंदैन । तसर्थ यो तीतो यथार्थ प्रमाणित गर्न पनि यो अनुसन्धानको महत्व छ ।

## १.५ अध्ययन योजनाको संरचना

प्रस्तुत शोधको संगठन पाँच अध्यायमा विभाजन गरी प्रस्तावित रुपरेखा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

अध्याय एकः परिचय खण्ड, यस अन्तर्गत, अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा औचित्य, अध्ययन परिकल्पना, अध्ययन क्षेत्र तथा यसका सीमा सम्बन्धी प्रकाश पारिएको छ ।

अध्याय दुईमा सम्बद्ध साहित्यको अध्ययन प्रस्तुत गरिएको छ । यस अर्न्तगत नेपालमा छापा पत्रकारिताको संक्षिप्त इतिहास, पत्रकारिताको वर्तमान अवस्था,

पत्रकारितामा महिलाको प्रवेश तथा सङ्घर्षको बारेमा प्राप्त साहित्यको प्रस्तुति गरिएको छ ।

अध्याय तीनमा अध्ययन विधिअन्तर्गत अनुसन्धानको रुपरेखा, अध्ययन क्षेत्रको छनौट, समग्र र नमुना, तथ्याङ्क संकलन प्रविधि, तथ्याङ्क विश्लेषण आदिको विस्तृत खाका प्रस्तुत गरिएको छ ।

अध्याय चारमा यस अध्यायमा सङ्कलित तथ्याङ्कको प्रस्तुति गरिएको र त्यस्ता तथ्याङ्कहरुलाई गुणात्मक र सङ्ख्यात्मक दुवै रुपमा प्रस्तुत गरिएको छ । तथ्याङ्क प्रस्तुत र विश्लेषण गर्ने क्रममा उद्देश्य पुरा गर्न आवश्यक पर्ने सूचना सङ्कलन गर्न प्रश्नावली तयार पारिएको थियो । प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई विभिन्न फरक शीर्षकमा विभाजन गरेर तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा सारांश र निष्कर्ष रहेका छन् भने सन्दर्भ ग्रन्थ सूचीको साथै अन्तमा अनुसूचि खण्डमा प्रश्नावलीको पूर्ण सूचि राखिएको छ । यस खण्डमा अन्य तथ्याङ्कको सूचि जुन यो अध्ययनको विश्वसनियतालाई पुष्टी गर्न सहयोगी हुन्छ भनि समावेश गरिएको छ ।

# अध्याय-दुई

# सन्दर्भ सामग्रीको विश्लेषण

## २.१ नेपालमा पत्रकारिताको विकासक्रम

नेपालमा मात्र हैन आमसञ्चारको सबैभन्दा पुरानो र बढी भरपर्दो मानिएको विश्व पत्रकारिताको इतिहास छापाखानाबाटै शुरु भएको हो । नेपालमा छापाखानाको इतिहास हेर्ने हो भने पहिलो छापाखाना वि.सं. १९०८ मा जंगवहादुर राणा बेलायत यात्राबाट फर्किदा ल्याएका थिए । जसलाई गिद्धे प्रेसका नामले पनि चिनिन्छ । नेपालमा पत्रकारिता जगतको पहिलो अखवार वि.सं. १९५८ बैशाख २४ गते सोमबारदेखि प्रकाशन शुरु भएको मानिन्छ । यद्यपि यसअघि नै नेपाल भित्रैबाट वि.सं.१९५५ साउनदेखि सुधासागर र त्यसअघि नै भारतबाट नेपाली भाषामा गोरखा भारत जीवन प्रकाशन शुरु भएको थियो । तर ती प्रकाशनहरु समाचारपत्र नभै साहित्यिक पत्रिकाहरु थिए । त्यसकारण नेपालको पहिलो समाचार बन्ने अवसर गोरखापत्रले पाएको हो ।

वि.सं.२००७ साल अगाडिसम्म यो पत्रिका सरकारी गजेटको रुपमा प्रकाशित हुने गर्थ्यो । नेपालभित्र निजी क्षेत्रबाट पहिलो समाचारपत्र साप्ताहिक जागरण वि.सं.२००७ साल फागुन ४ गतेबाट प्रकाशन हुन थाल्यो । नेपालको पहिलो दैनिक पत्रिका आवाज बि.सं.२००७ साल फागुन ८ गतेबाट छापिन थाल्यो । यसैगरी वि.सं.२००७ साल चैत्र २० गतेबाट नेपालमा औपचारिक रुपमा रेडियो नेपालको प्रशारण शुरु भयो । नेपालको पहिलो अंग्रेजी दैनिक पत्रिका दि कमनर वि.सं.२०१२ सालबाट शुरु भएको हो । वि.सं.२००७ सालमा प्रजातन्त्र स्थापनापछि धेरै पत्रिकाहरु प्रकाशन हुन थाले । ती मध्ये कति प्रकाशन भैरहेका छन् भने कति बन्द भैसकेका छन् । प्रजातन्त्र स्थापनापछि पत्रपत्रिकाप्रति जनचासो बढ्न थाल्यो । जनचासोअनुसार प्रतिस्पर्धामा रहन सक्ने चले,

कति प्रतिस्पर्धा गर्दागर्दै पनि विविध कारणले बन्द हुन गए । बन्द भए पनि ती पत्रिकाहरुले पनि नेपालको पत्रकारिताको विकासमा योगदान पुऱ्याएका छन् । राणा शासनदेखि प्रकाशन शुरु भएको गोरखापत्रको प्रकाशन साप्ताहिक, अर्धसाप्ताहिक हुँदै निरन्तर प्रकाशन हुँदै आयो । त्यति बेला भर्खरै मौलाउँदै गएको पत्रकारिता क्षेत्रमा वि.सं.२०१७ सालमा पञ्चायती व्यवस्थाको प्रर्दुभावपछि केही अंकुश लाग्यो । यो अंकुश वि.सं.२०४७ सालसम्म जारी रह्यो । अङ्कुशकै बीचमा पनि पत्रिकाका माध्यमबाट जनचेतना फैलाउने काम भने जारी नै रह्यो ।

नेपालको राजनीतिक परिवर्तनका लागि यहाँका पत्रकारिताले पनि महत्वपूर्ण भूमिका खेलेको मानिन्छ । चाहे त्यो २०३६ सालमा जनमतसंग्रह गराउन, २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना गर्न वा २०६२/६३ सालको जनआन्दोलन सफल बनाउन नेपालका निजी क्षेत्रबाट प्रकाशित पत्रपत्रिकाले ठूलो भूमिका रहेको छ । नीजि संचारमाध्यम वा आमपत्रकार खुलेर नै लोकतन्त्रको आन्दोलनमा सहभागी भएका थिए । २०४६ सालको राजनीतिक परिर्वतनपछि २०४७ साल फागुन ७ गतेदेखि कान्तिपुर र काठमाण्डौ पोष्ट दैनिक प्रकाशन हुन थाल्यो । त्यसको सफलतासँगै नेपालको सञ्चार क्षेत्रमा पनि ठूलो लगानीका “बिग हाउस” हरुले विभिन्न क्षेत्रगतरुपमा आफ्ना प्रकाशन शुरु गरेका छन् । २०४७ सालको संबिधानले छापाखाना र प्रकाशन एवम् सूचनाको हकको ग्यारेण्टी गरेको थियो । लोकतान्त्रिक शासन व्यवस्थाको राम्रो पक्ष भनेको अभिव्यक्ति स्वतन्त्रतालाई प्राथमिकताका साथ लागु गर्नु हो । यसैको प्रतिफल स्वरुप २०४६ सालको राजनीतिक परिवर्तन पछिका सरकारले जनताका सबै आकांक्षा त पुरा गर्न सकेनन् तर यो कालखण्डमा नेपालमा आमसञ्चारको बिकास चाहि अवस्य पनि भयो ।

यस अवधिमा स्थानीय स्तरबाट पनि पत्रपत्रिका प्रकाशन गर्ने, विभिन्न क्षेत्रगत रुपमा विशिष्टिकृत भएका प्रकाशनको सुरुवात भएको देखिन्छ । महिला, जनजाती, पछाडि पारिएका समुदाय, अपाङ्ग, अल्पसंख्यक आदि क्षेत्रमा भएका विभेद र उनीहरुका समस्यालाई सार्वजनिक छलफलमा ल्याउने काम भएका छन् भने कृषि, वन, जलस्रोत, उर्जा, प्राकृतिक सम्पदा, पर्यटन जस्ता क्षेत्रको विकास र प्रवर्द्धनमा पनि यथेष्ट प्रकाशनको सुरुवात भएको यहि समयदेखि हो ।

## २.२ पत्रकारितामा महिला

गोरखापत्रको इतिहासदेखि हेर्दा नेपालको पत्रकारिताको इतिहास शताब्दी नाघिसकेको छ । वि. सं. १९५८ सालमा नेपालमा पत्रकारिताको शुरुवात भयो । तर त्यसले व्यापकता पाउन लामो समय पर्खनु पऱ्यो । अर्थात २०४६ सालको आन्दोलनपछि मात्र नेपाली पत्रकारिता बढ्ने, फुल्ने र फल्नेसमेतको मौका पायो भन्न सकिन्छ । अनि नेपाली पत्रकारिताको यो इतिहासभित्र महिला खोज्ने हो भने चाहिं अझ लामो समय पर्खनै परेको थियो ।

नेपालको पत्रकारिताको इतिहासको ५ दशकपछि मात्रै पत्रकारितामा महिलाहरुको प्रवेश भएको पाइन्छ । जसअनुसार वि.सं. २००८ सालमा साधना प्रधान र कामाक्षादेवीले नेपाल महिला संघको प्रकाशनको रुपमा **महिला** नामक पत्रिका प्रकाशित गरेको मानिंदै आएको छ । त्यसो त त्यसको केही समयपछि देखि तिर नारी मंच, योषा, रिवाज, नौलो अभियान, ऋचा, नवऋचा, विदुषी, दीपगंगा, उत्सर्ग, सुखीसंसार तथा अपेक्षा आदि जस्ता पत्रिकाहरु पनि निस्किए तर विविध कारणले ती पत्रिपत्रिका लामो समय टिकिरहन सकेनन् । अहिले महिलाहरुद्धारा प्रकाशित वा सम्पादित पत्रिकाहरु निस्किरहेका छन् तर ती सबैले भने जसरी निरन्तरता पाउन सकेको छैन ।

आमसञ्चार क्षेत्रको विकाससँगै पछिल्लो समयमा पत्रकारितामा महिला सहभागिता र महिलाका विषयवस्तु मिडियामा आउन थालेको हो । "स्थानीय छापा पत्रकारिताको यतिविध्न समस्याहरु जिउँदा छन् जसले गर्दा पत्रकारिताले अपेक्षा गरेअनुसारको विकास गर्न सकिराखेको छैन । स्थानीय छापा माध्यमको पनि शहर र सदरमुकामहरुको पत्रकारिताको अवस्था, सदरमुकाम बाहिरको बजारबाट निस्कने पत्रिकाहरुको अवस्था फरक-फरक रहेका छन्"[४] । त्यसमा पनि महिलाको नेतृत्वमा प्रकाशित पत्रिकाको लागि अन्य धेरै समस्याने घेरिएका छन् । अझ काठमाण्डौ बाहिरको अवस्था त झन कष्टकर हुने नै भयो "राजधानी बाहिर पत्रकारमाथि भएका आक्रमण, धम्की, सञ्चारगृहमाथिको तोडफोडका घटनालाई गम्भीरतापूर्वक नलिइँदा असुरक्षित र एक्लो महसुस गर्नुपरेको अवस्था छ । राजधानीमा सानो घटना हुँदा ठूलो चर्चा र गुहार पाउने बाहिर र दुर्गमका पत्रकार र सञ्चार माध्यममाथि हुने आक्रमणका घटनामा कम चासो जाने केन्द्रीकृत मानसिकताले कतिपय घटना ओझेलमा परेका छन् ।"[५]

वि.सं.२०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनपछि तीब्र विकास भएको मानिने सञ्चारमाध्यमको क्षेत्रमा अझै पनि महिलाहरुको सहभागिता सङ्ख्यात्मक र गुणात्मक दुवै रुपमा कमजोर छ । पहिलेको तुलनामा निश्चय नै अहिले मिडियाको विकाससँगै पत्रकारिता क्षेत्रमा महिला सहभागिता केही विस्तार हुँदै गएको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन जस्ता आमसञ्चारका माध्यमहरुमा उल्लेख्य मात्रामा महिलाहरुको उपस्थिति देखिन्छ भने अनलाइन मिडियामा पनि केही महिलाहरु लागेका छन् । तर, पछिल्लो समयमा मिडियाको विकास जुन गति र मात्रामा भयो, त्यसको

---

[४] संहिता, बैशाख-असार २०६६ ।

[५] प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन - २००९, पेज २०, नेपाल पत्रकार महासंघ काठमाण्डौं ।

अनुपातमा महिलाहरुको पत्रकारितामा रहेको सहभागितालाई उत्साहजनक भने मान्न सकिन्न ।

समग्रमा नेपाली पत्रकारितामा महिला सहभागिता कति छ भनेर राष्ट्रिय स्तरको सर्वेक्षण वा अध्ययन अहिलेसम्म भएको छैन । तर विभिन्न लेखक तथा विद्वानहरुको भनाइलाई आधार मान्दा नीति निर्माण तहमा अझै महिलाहरुको उपस्थिति अत्यन्तै न्यून छ । अर्कोतर्फ नीति निर्माण तहमा महिलाहरु पुगे पनि तिनको सहभागिता कति अर्थपूर्ण हाला ? अर्को प्रश्न उब्जिन सक्छ[६] । यदाकदा भएका सीमित सर्वेक्षणहरुले देखाएको नतिजा निराशाजनक छ । पछिल्लो पटक २०५९ सालमा काठमाण्डौस्थित सरकारी र निजी क्षेत्रका ठूला स्तरका पत्रपत्रिका, रेडियो र टेलिभिजनमा गरिएको एक अध्ययनअनसार, महिला सहभागिता १९.३८ प्रतिशत थियो[७] । समग्र तथ्याङ्क यस्तो भए पनि यो संख्यामा एफएम रेडियो र टेलिभिजनमा मनोरञ्जनात्मक कार्यक्रम चलाउने महिलाहरुको बाहुल्यता थियो । यसरी काठमाण्डौका ठूला सञ्चार संस्थाहरुमा गरिएको सर्वेक्षणमा त महिलाहरुको संख्या न्यून पाइयो भने अन्य साना मिडिया उत्पादक संस्थाहरुमा र मोफसलबाट पत्रकारितामा लागेका महिलाको संख्या धेरै छ भनेर अनुमान गर्न मिल्दैन । त्यसैगरी २०६५ सालमा मुलुकका विभिन्न ५० वटा एफएम रेडियोहरुमा गरिएको अर्को एक अध्ययनले करिब ४० प्रतिशत पत्रकार महिलाहरु रहेको देखाएको थियो, तर ती मध्ये धेरै जना मनोरञ्जनात्मक कार्यक्रममा संलग्न थिए[८] । मनोरञ्जनात्मक कार्यक्रममा मात्र महिलाको बढ्दो उपस्थितिले उनीहरुलाई सञ्चार प्रविधिसँग नजिक्याउने भए पनि यसले महिला अधिकार र सशक्तिकरणका लागि विशेष

[६] गौतम (सन् २००७), हेर्नुहोला ।

[७] (क्षेत्री २०५९), पत्रकारितामा महिला प्रश्न ।

[८] (थापा, २०६६) ।

योगदान दिन सक्ने भने देखिंदैन । अर्कोतिर, नेपाल पत्रकार महासंघको पछिल्लो तथ्यांकअनुसार कुल आठ हजार सदस्यमध्ये ११ सय अर्थात प्रतिशत महिलाहरु रहेका छन् ।

यसरी अत्यन्त कम संख्यामा रहेका यिनै पत्रकार महिलाहरु पनि अधिकांश तल्लो तहको काममा बढी संलग्न छन्, अथात् उनीहरु सञ्चार संस्थाहरुको वातावरण र सञ्चारमाध्यमका सामग्रीहरुलाई गुणात्मकरुपमा प्रभाव पार्न सक्ने हैसियतमा छैनन् । सञ्चारिका समूहले २१४ जना सञ्चारकर्मी महिलाहरुबीच गरेको एक अध्ययनअनुसार निर्णायक ठानिने सम्पादनको काममा २० प्रतिशतको हाराहारीमा महिलाहरु पाइए भने रिपोर्टरको काम गर्ने महिलाहरु करिब ५९ प्रतिशत थिए[९] । त्यसैगरी, सञ्चारसम्बन्धी नीति नियमहरु बनाउने र अनुगमन गर्ने तथा ठूलो स्तरका अधिकांश सरकारी मिडियासम्बद्ध निकायको नीति निर्णायक पदहरुमा महिलाको पहुँच लगभग शून्यको स्थितिमा छ । एक पटक नेपाल टेलिभिजनको अध्यक्षमा बेञ्जु शर्मा र गोरखापत्र संस्थानको अध्यक्षमा इन्दिरा प्रसाईंलाई नियुक्त गरिएको थियो । त्यसबाहेक अन्य निकायहरुमा एकाध महिलाहरुले मात्र सामान्य सदस्यको रुपमा काम गर्ने अवसर पाएका छन् (तालिका हेर्नुहोस्) । यस्ता मिडिया सम्बद्ध बोर्ड तथा संस्थाहरुको नतृत्वमा महिलाको शून्य वा अप्रभावकारी सहभागिताले पनि पत्रकारिता क्षेत्रमा महिलाहरु आउने वातावरण तयार गर्नेतिर आवश्यक पहल हुन सकिरहेको छैन ।

[९] (राणा र अन्य, २०६२)

तालिका नं. १, सञ्चार सम्बद्ध विभिन्न निकायका नेतृत्वतहमा महिला

| सञ्चार सम्बद्ध निकाय | कुलसंख्या | महिला | पुरुष |
|---|---|---|---|
| प्रेस काउन्सिल नेपाल, बोर्ड अफ डाइरेक्टर्स | १३ | १ | १२ |
| नेपाल पत्रबार महासंघ, केन्द्रिय समिति | ३१ | ५ | २६ |
| रेडियो नेपाल, बोर्ड अफ डाइरेक्टर्स | ४ | ० | ४ |
| गोरखापत्र संस्थान, सञ्चालक समिति | ४ | १ | ३ |
| नेपाल टेलिभिजन, बोर्ड अफ डाइरेक्टर्स | ५ | ० | ५ |
| राष्ट्रिय समाचार समिति, सञ्चालक समिति | ५ | १ | ४ |
| राष्ट्रिय सूचना आयोगका आयुक्तहरु | ३ | १ | २ |

*स्रोत: (थापा २०६८)*

पत्रकारिता क्षेत्रमा महिलाहरु ठूलो संख्यामा आउन नसक्नु र आएकाहरु पन टिक्न नसक्नुका पछि विशेष कारणहरु छन् । विभिन्न अध्ययन र अन्तरक्रियाका निष्कर्षअनुसार पत्रकार महिलाहरुले आफ्नो कार्यक्षेत्रमा जागिरको असूरक्षा, तलब, अन्य आर्थिक सुविधा समयमा नपाउनु, नियुक्ति र बढुवामा भेदभाव, यौन दुर्व्यवहारको सामना, चुनौतिपूर्ण काममा विश्वासको अभाव, विशेष अवस्थाहरुमा महिलाहरुलाई आवश्यकता सुविधाको अभाव, कार्यस्थलमा लैंगिक संवेदशील र महिला मैत्री वातावरणको अभाव जस्ता समस्याहरु झेल्नुपर्दछ । महिलामैत्री वातावरण, शिशु स्याहार केन्द्रको व्यवस्था वा शिशु स्याहारका लागि विशेष सुविधा, क्षमता अभिवृद्धिका अवसरहरु आदि भएको स्थिति हो ।

## २.३ महिलाद्वारा सम्पादित/प्रकाशित पत्रपत्रिका र महिला सवाल

पत्रकारिता जतिसुकै वस्तुगत र तटस्थ हुनुपर्छ भनिए पनि अभ्यास गर्ने व्यक्तिको ज्ञान, भोगाइ र दृष्टिकोणको अप्रत्यक्ष सम्मिलनले त्यसलाई विषयगत पनि बनाइरहेको हुन्छ ।

समाचार र अन्य सामग्रीहरुको छनौट, प्रस्तुति र सम्पादनमा पनि यसले असर पारेको हुन्छ । विश्लेषणात्मक र वैचारिक प्रस्तुतिहरुमा त दृष्टिकोणको मात्रा झनै ज्यादा हुन्छ । जब समाजमा महिला पुरुषका हैसियत र भोगाइहरु अलगअलग छन् भने त्यसबाट आर्जित उनीहरुको ज्ञान र दृष्टिकोणमा पनि भिन्नता हुने नै भए[१०] ।

पत्रकारितामा महिलाको बढी सहभागिताले विषयहरुको छनौट र प्रस्तुतिमा पनि महिला दृष्टिकोणले बढी स्थान पाउँछ । महिला अधिकारका सवालहरुको व्यापक कभरेज, तिनको निष्पक्ष प्रस्तुति र महिला छविको स्वस्थ सन्तुलित चित्रण बढ्ने आशा गर्न सकिन्छ । यसले महिलाका सरोकारका सवालहरुलाई संचार माध्यमको उपयोग गर्दै सार्वजनिक बहसको विषय बनाउन र त्यसमा जनमत जुटाउन मद्दत पुग्दछ । संचार माध्यममा महिलाको परिवर्तित भूमिका तथा सकारात्मक छविको चित्रण गर्दै महिला अधिकारका सवाललाई बारम्बार बहसमा ल्याउनाले आममहिला, समाज र सरोकारवाला निकायहरुमा पनि सकारात्मक सन्देश सम्प्रेषण हुन थाल्दछ । सामाजिक र राष्ट्रिय सरोकारका हरेक विषयमा महिलाका दृष्टिकोण र विचारहरुले सार्वजनिक हुने मौका पाउँछन् । महिलालाई संचारका नयाँ नयाँ माध्यम र प्रविधिहरुसँग परिचित हुने र तिनको प्रयोग गर्ने अवसर दिलाउँछ । तर, पत्रकारितामा महिलाहरुको न्यून सहभागिताले महिला सशक्तीकरणका यी प्रक्रियाहरु अवरुद्ध हुनु स्वाभाविक हो ।

एउटा पत्रकारका लागि समाजमा महत्वका धेरै विषयहरु र घटनाहरु छन् जुन पुरुष केन्द्रित मानसिकताबाट निर्देशित विचार हो । त्यसैले जबसम्म महिलाको सशक्त उपस्थिति हुन सकेन नेपाली छापामा महिलाका सवालहरु पनि सशक्त ढङ्गले स्थापित गर्न सकिएनन् । आज क्रमश आमधारणामा परिवर्तन आउँदैछ, र सबै पत्रपत्रिकाले महिलाका सवाल तथा सूचनालाई स्थान दिन थालेका छन् । यो मुलतः पत्रकारितामा

---

[१०] थापा २०६८ ।

महिलाको सङ्ख्या बढ्नुको परिणाम मान्न सकिन्छ । सङ्ख्यात्मक मात्र हैन पत्रकार महिलाको गुणात्मक पनि वृद्धि र विकास भएको छ । आज धेरै पत्रपत्रिकाको जिम्मेवार तहमा महिला छन् । महिलाद्वारा सम्पादित तथा प्रकाशित पत्रिकाको संख्या बढ्नुसंगै यी पत्रपत्रिकाले महिलाको सवाललाई प्राथमिकता दिने भएको हुनाले यसरी पत्रकारितामा महिलाको सङ्ख्यात्मक वृद्धिले महिलाका सवाल, समस्या तथा समाचारलाई जोडदाररुपमा बाहिर ल्याएर लैंगिक समानताको पक्षमा चेतनाको वृद्धि गर्न सहयोगी भएको पाइन्छ ।

# अध्याय-तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनौट

यस अनुसन्धानको अध्ययन क्षेत्र काठमाण्डौं उपत्यका बाहिरलाई मानिएको छ तर पनि महिलाद्धारा पत्रपत्रिका प्रकाशित भएको आधारमा मात्र लिंदा १६ वटा जिल्ला मात्र परेका छन् । महिलाद्धारा सम्पादित तथा प्रकाशित दैनिक र साप्ताहिक पत्रिकाको प्रकाशन भईरहेका जिल्लाहरुमा सर्भेक्षण प्रश्नावली भर्ने काम भएको छ भने अन्य आवश्यक सम्बन्धित तथ्याङ्कहरु विभिन्न प्रकाशित सामाग्रीबाट लिईएको छ ।

किन प्रकाशक/सम्पादक महिलाहरु माथि त्यसमा पनि काठमाण्डौ उपत्यका बाहिरका प्रकाशक/सम्पादक महिलाहरु नै यस अनुसन्धानको क्षेत्र छनौट गरियो भन्ने पनि एउटा सवाल रहन सक्छ ? खासमा यो अध्ययनकर्ता पनि एक महिला पत्रकार भएको र यो विषयमा दखल र जिज्ञासा दुवै राख्ने भएको कारणले पनि अध्ययनको लागि यो क्षेत्र छनौट गरिएको हो ।

साथै अहिलेसम्म यो क्षेत्रमा कुनै पनि उल्लेख्य अध्ययन अनुसन्धान नभएको हुनाले यस अध्ययनबाट केहि नयाँ तथ्यहरुको उजागर गर्न सकिन्छ भनेर हो । साथै पत्रकारितामा लागेका समग्र महिलाहरुको हितमा केहि सुधार गर्न सकिने अपेक्षा पनि यो अध्ययनको क्षेत्र छनौटमा लिइएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यो अनुसन्धान मुख्य गरी व्यख्यात्मक (descriptive) ढाँचाको आधारमा गरिएको एक प्राज्ञिक अध्ययन हो । यसमा संकलन गरिएका तथ्याङ्कका आधारमा प्रकाशक/सम्पादक महिलाको वास्तविक अवस्थाको तस्विर निकाल्ने प्रयास गरिएको छ ।

## ३.३ समग्र र नमुना

नेपालको काठमाण्डौ उपत्यका बाहिर रहेका प्रकाशक/सम्पादक महिलाहरुको सङ्ख्यालाई यो अध्ययनको समग्र (Universrse) मानिएको छ । तर जिल्लागत आधारमा हेर्दा १६ जिल्ला मात्र समेटिएको छ (जिल्लाको नाम पछाडि अनुसुचीमा दिइएको छ) । भौगोलिक सिमाको दृष्टिले देशभर तर मोफसलबाट (काठमाण्डौ उपत्यका बाहिर) प्रकाशन हुने गरी दर्ता भएका पत्रपत्रिका जसको प्रकाशक/सम्पादक दुवै अथवा सम्पादक र प्रकाशक मध्ये कुनै एकमा महिला छन् भने ती सबैमाथि गरिएको अध्ययन हो । पत्रपत्रिका प्रकाशन/ सम्पादन गर्ने तहमा महिलाको सङ्ख्या अत्यन्त न्यून छ वा महिलाद्वारा सञ्चालित पत्रपत्रिकाको तथ्याङ्क एकदमै कम छन् ।

सङ्ख्यात्मकरुपमा उपत्यका बाहिर ३८ जना प्रकाशक/ सम्पादक महिला छन् । त्यसैले यो अध्ययनमा ती सबै जनालाई समेटिएको छ । तर यस अध्ययनको लागि सर्भेक्षण प्रश्नावली भर्ने क्रममा सबैजनाबाट उत्तर प्राप्त हुन नसकेको हुनाले देशभरिबाट प्राप्त भएका ३२ जना उत्तरदाताको जवाफलाई नै तथ्याङ्क विश्लेषणको आधार मानिएको छ भने यस मध्ये संरचित प्रश्नावली भरेर फिर्ता पठाउने उत्तरदातालाई सर्वेक्षित जनसंख्या मानिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

अध्ययनको लागि मुख्यरुपमा प्राथमिक तथा द्वितीय प्रकारका तथ्याङ्कका स्रोतहरुलाई अनुसन्धान विधिका आधारमा प्रयोग गरिएको छ । प्राथमिक स्रोतअनुसार तथ्याङ्क संकलन गर्न इमेलबाट संरचित प्रश्नवाली सम्बन्धित उत्तरदातालाई पठाइएको थियो । इमेलबाट प्रश्नावली भर्न सम्भव नभएका व्यक्तिसंग फोनबाट प्रश्नावली भरिएको हो । यसको अलवा अन्य आवश्यक सूचना संकलनको लागि टेलिफोन वार्ता गरेर तथ्याङ्क संकलन गर्ने र तथ्याङ्कको प्रामाणिकता जाँच गर्ने काम भएको थियो । जम्मा उत्तरदाता मध्ये ११ जनालाई पूर्णत टेलिफोन अर्थात अनलाइनको माध्यमबाट सम्पर्क गरिएको हो तर प्रश्नावलीमा अष्पष्ट भएको केही विषयलाई टेलिफोन तथा फेरि इमेलमार्फत नै स्पष्ट गरिने प्रयास गरियो । साथै वैयक्तिक तथा संस्थागत स्रोतका केही प्रकाशित पुस्तक, पत्रपत्रिका र अप्रकाशित शोध ग्रन्थ तथा कार्यालयहरुका अभिलेखहरु पनि लिईएका छन् ।

विभिन्न निकायका प्रकाशनको अध्ययन र अन्य पुस्तकालय अध्ययनलाई पनि यो अनुसन्धानको आधार बनाइएको छ । यस क्रममा नेपाल पत्रकार महासंघका वार्षिक प्रकाशन, विभिन्न पुस्तकालयबाट प्राप्त तथ्याङ्कले प्राथमिक तथ्याङ्कलाई पुष्टि गरिएको छ । संचारिका समूह, क्रियासिश महिला पत्रकार, प्रेस काउन्सिल, नेपाल पत्रकार महासंघ, सर्वाङ्गिण विकास अध्ययन केन्द्रका प्रकाशनहरुको माध्यमबाट पनि प्राथमिक तथ्याङ्कलाई पुष्टि गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधि तथा प्रक्रिया

यस अनुसन्धानलाई व्यवस्थित बनाउन भरसक कोशिस गरिएको छ । जसअन्तर्गत तथ्याङ्क सङ्कलन गर्नका लागि मुख्यरुपमा प्रश्नावलीका साथै अन्तरवार्ता विधि अपनाईएको छ ।

यस अनुसन्धानको लागि तथ्याङ्क सङ्कलन गर्न संरचित र असंरचित प्रश्नावलीहरु तयार पारी अन्तरवार्ता विधिको सहयोग लिईएको छ । संरचित प्रश्नावली विधिद्वारा तथ्याङ्क सङ्कलनको लागि २१ जनासंग प्रश्नावली इमेलमा पठाएर ११ जनासंग टेलिफोन वार्ता दुई प्रकारका अन्तरवार्ता पद्धति अपनाइएको छ ।

## ३.६ तथ्याङ्कको विश्वासनियता र प्रमाणिकता

खासै सिद्धान्त नअपनाए तापनि संरचनात्मक-प्रकार्यात्मक सिद्धान्तका मान्यतामा आधारित भई यस अध्ययनलाई समान्यीकरण गर्न खोजिएको छ । अध्ययनमा समावेश गरिएको अवधारणा र परिवर्त्यहरुको व्याख्या गरिएको छ । प्रश्नावलीको आधारमा तथ्याङ्कहरु संकलन गरिएको र सोही प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरुमा केन्द्रित भएको हुनाले विश्वसनियतालाई पुष्टि गर्दछ ।

## ३.७ अनुसन्धान नतिजाको प्रस्तुती

यस अध्ययनमा प्रप्त सूचना तथा नतिजाको प्रस्तुतिको मुख्य माध्यम ब्याख्यात्मक शैलीलाई नै मानिएको छ । यसको साथै तालिका तथा पाईचार्ट आदि बिधि र शैलीको प्रयोग गरि सङ्कलित तथ्याङ्कको प्रस्तुती गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको सोधपत्र तयार गर्ने प्रयोजनका लागि यो अध्ययन गरिएकाले धेरै सीमाहरुबीच अध्ययन पूरा गरिएको छ । अध्ययनका लागि विभिन्न स्रोतको माध्यमबाट प्राप्त जानकारीको आधारमा ३८ जना प्रकाशक/सम्पादक महिलामा यो अध्ययनको प्रश्नावली विधिद्धारा तथ्याङ्क संकलन गर्ने अनुसन्धान योजना

गरिएको थियो । तर ३२ जनाबाट मात्र भरिएका प्रनावली प्राप्त गर्न सकिएको हुनाले यस अध्ययनको विश्लेषण यिनै उत्तरमा सिमित हुन पुगेको छ ।

उपलब्ध सबै जिल्लाका सम्पादक/प्रकाशक महिलाबाट तथ्याङ्क सङ्कलन गर्नु पर्ने भएको हुदा सबै जिल्लामा गएर प्रश्नावली भर्न सिमित स्रोतसाधनले प्रायः असम्भव भएको हुँदा संरक्षित प्रश्नवाली ईमेल मार्फत उत्तरदातालाई पठाएर उनीहरुको जवाफलाई नै आधिकारिक तथ्याङ्क मानिएको छ भने ईमेलबाट प्रश्नावली भर्न सम्भव नभएका उत्तरदातासंग फोनवार्ताद्धारा प्रश्नावली भरिएको हो । त्यसैले यसको आधिकारिकता पनि उत्तरदातामा सिमित रहेको छ । साथै आमसञ्चार आज निकै फराकिलो क्षेत्र भएको छ । त्यस भित्रको पत्रकारिता र पत्रकारितामा पनि छापा पत्रकारितामा रहेका काठमाण्डौ उपत्यका बाहिरका प्रकाशक/सम्पादक महिलाहरुको स्थिति अध्ययन निकै सुष्म क्षेत्र हो । त्यसैले यो सानो अध्ययनले आम पत्रकार तथा पत्रकारिता गरिरहेका महिलाको समग्र अध्ययन भन्ने दावा गर्न सकिन्न ।

साथै यो एक सिमित स्रोतसाधनको भरमा व्यक्तिगत तवरबाट प्राज्ञिक दृष्टिले गरिएको सानो स्तरको अनुसन्धान भएको हुँदा यस अध्ययनले सम्पादक/प्रकाशक महिलाको सबै पक्षको खोजलाई पनि समेट्न नसकिएको यथार्थ हो । यद्यपि यो अनुसन्धानका विभिन्न सिमाहरुको बाबजुद पनि यसको विश्वासनीयतामा चाहि बढी नै ध्यान दिईएको छ । यस अध्ययनमा संलग्न उत्तरदाताको जवाफमा कुनै अष्पस्टता भएको ठाउँमा भने उनीहरुलाई फोन गरेर त्यसको स्पष्टता गरिएको छ । त्यसैले यसमा प्रयोग गरिएका तथ्याङ्कको विश्वासनियताको पुष्टि गर्ने विभिन्न आधारहरु छन् ।

अध्याय-चार

# मोफसलका प्रकाशक/सम्पादक महिला

## ४.१ पृष्ठभूमि

यस अध्ययनमा काठमाडौँ बाहिर (मोफसल) बसेर प्रकाशन/सम्पादन कार्यलाई आफ्नो पेशा बनाएका महिला पत्रकारहरूको अवस्थाको अनुसन्धान तथा प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । यहाँ विभिन्न स्रोत तथा संस्थाबाट[११] प्राप्त सूचना अनुसार अध्ययन क्षेत्रभरिमा जम्मा अठ्तीस (३८) जना सम्पादक/प्रकाशक महिलाहरू हाल सक्रिय रहेको पाइयो ।

यो अध्ययनको सिलसिलामा तथ्याङ्क सङ्कलनको लागि संरचित प्रश्नावली सम्बन्धित उत्तरदातालाई पठाइएकामा प्रश्नावली भरेर फिर्ता पठाउने जम्मा बत्तिस (३२) जना मात्र भएको हुनाले यो अध्ययनमा यिनै ३२ जना उत्तरदाताबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ । यो सङ्ख्यालाई सम्पूर्ण सर्भे मानेर ती उत्तरदाताबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई आवश्यकता अनुसार विभिन्न शीर्षकमा छुट्याएर प्रस्तुति गरिएको छ । साथै यस अध्ययनको अनुसन्धान पद्धतिमा उल्लेख गरिएअनुसार नै प्राप्त तथ्याङ्कलाई प्रस्तुतिका विभिन्न ढाँचा, विधि जस्तै पाईचार्ट, तालिका आदिमा प्रस्तुत गरिएको छ ।

अध्ययनको लागि तयार पारिएका प्रश्नावलीहरू सम्बन्धित उत्तरदातासम्म इमेलमार्फत पठाउने काम गरिएको थियो र इमेलको राम्रो सुविधा नभएका उत्तरदातालाई फोनमार्फत प्रश्नहरू सोधेर उत्तर टिप्ने तथा अडियो रेकर्ड गरेर पछि

---

[११] सूचना विभाग, २०६६ र २०६८ लगायत ।

लिखित रूपमा उतार्ने जस्ता तरिकाबाट पनि यो अध्ययन पुरा गरिएको हो । तर त्यस मध्ये ३२ वटा मात्र प्रश्नावलीहरू फिर्ता हुन सकेका छन् भने बाँकी ६ जना उत्तरदाताबाट कुनै पनि प्रतिक्रिया पाउन सकिएन । यस सम्बन्धमा विभिन्न माध्यमबाट जानकारी गर्न खोज्दा पनि यो अनुसन्धानकर्ताको सम्पर्कमा आउन नसकेको निष्कर्षमा पुगिएको छ । अध्ययनमा सोधिएका प्रश्नावली फिर्ता आएको सङ्ख्यालाई नै अध्ययनको सम्पूर्णता मानेर तथ्यको विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रको आधारमा यस अनुसन्धानमा बुँदा नम्बर ४.२.५ मा उल्लेख गरिए अनुसारका जिल्लाका पत्रकार महिलाहरूको जवाफलाई फिल्ड सर्भे २०६९ मानेर यो अनुसनधानलाई पूर्णता प्रदान गरिएको छ ।

## ४.२ सर्भेक्षित जनसङ्ख्याको व्यक्तिगत विवरण

यस सर्भेक्षणमा समाविष्ट प्रकाशक/सम्पादक पत्रकार महिलाको उमेर, जातिगत, शैक्षिक अवस्था, पत्रकारिता क्षेत्रमा उनीहरूको संलग्नता भएको अवधि आदिलाई उनीहरूको व्यक्तिगत विवरण शीर्षकमा राखिएको छ ।

### ४.२.१ उमेरगत वितरण

उत्तरदाताहरूको उमेरलाई पाँच समूहमा विभक्त गरिएको छ । जुन तलको तालिकामा देखाइएअनुसार छ ।

तालिका नं. २ उत्तरदाताको उमेरगत वितरण

| क्र.स. | उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २० वर्ष भन्दाकम | ० | |
| २. | २० देखि २९ वर्ष | १० | ३१.२६ |
| ३. | ३० देखि ३९ वर्ष | १३ | ४०.६२ |
| ४. | ४० देखि ४९ वर्ष | ५ | १५.६२ |
| ५. | ५० वर्ष भन्दाबढी | ४ | १२.५० |
| | **जम्मा** | **३२** | **१००** |

*स्रोतः सर्भेक्षण २०६९*

सर्भेक्षित जनसङ्ख्याको उमेरगत विवरणमाथिको तालिकामा देखाइएअनुसार छ । यहाँ सबैभन्दा धेरै जना तीसदेखि उनन्चालिस वर्ष उमेर समूहका चालिस प्रतिशत छन् भने दोस्रोमा एकतिस प्रतिशत बीसदेखि उनन्तीस वर्ष उमेरका छन् । पचास वर्षभन्दा बढी उमेरका बाह्र दशमलव पाँच प्रतिशत छन् भने बीस वर्ष भन्दा कम उमेर समूहका एकजना पनि छैनन् ।

## ४.२.२ वैवाहिक स्थिति र पत्रकार महिलामा पर्ने असर

यस अध्ययनमा समावेश भएका जम्मा उत्तरदाता मध्ये २६ जना उत्तरदाता विवाहित भएको पाइएको छ भने यसैगरी ६ जना अविवाहित पाइएको छ । विवाहित भएका कारण पत्रकारिता गर्न थप समस्या पर्छ कि भन्ने बुझाइका आधारमा सोधिएको एक प्रश्नमा, ५५ प्रतिशतले विवाहित भएकै कारणले महिलालाई पत्रकारितामा समस्या छ भन्ने जवाफ दिए भने ४५ प्रतिशतले खासै समस्या छैन तर आफ्नो परिवार र बालबच्चाप्रतिको जिम्मेवारी निभाउँदै यो पेशामा पनि सक्रिय हुन सकिन्छ भन्ने धारणा व्यक्त गरेका थिए ।

उत्तरदाताहरुले खासगरी विवाह भइसकेपछि दोहोरो भूमिका निर्वाह गर्नुपर्ने भएकाले समस्या पर्ने गरेको बताएका छन् । तर पहिला आफू को हो र के गर्दैछु भन्ने कुरा परिवारलाई बुझाउन सक्नुपर्छ । पत्रकारिता त्यसमा पनि महिलालाई हेर्ने दृष्टिकोण अहिलेसम्म नेपाली समाजमा त्यति सकारात्मक छैन । तर पनि सबै परिवार अवश्य कुनै न कुनै पेशा, व्यवसाय, तथा क्षेत्रमा संलग्न भएकै हुन्छन् । पत्रकारितालाई पनि त्यस्तै एक पेशाको रूपमा स्थापित गर्ने र त्यसरी नै स्वीकार गर्ने अवस्था बनाउन स्वयम् महिलाहरूले भूमिका खेल्नु परेको छ । त्यसैले वैवाहिक जीवन मात्र समस्या होइन । समस्या त हाम्रो जीवनलाई हामीले कसरी व्यवस्थापन गर्छौं भन्ने हो ।

तर बालबच्चा साना हुँदा श्रीमान् तथा परिवारका अन्य सदस्यको सहयोग त्यति नै आवश्यक हुन्छ । विवाहपश्चात पनि पत्रकारिता गर्न कुनै समस्या छैन भन्ने महिलाहरूको श्रीमान् तथा परिवारबाट सहयोग पाएकोले सजिलो भएको र जसको परिवारले यो पेशालाई बुझेका छैनन् त्यस्ता महिलालाई भने विवाह पश्चात यो पेशा समस्या नै भएको पाइयो । यसै अध्ययनमा सुनसरीकी गंगा पौडेल (सम्पादक–विजयपुर साप्ताहिक) भन्नुहुन्छ "मैले घरपरिवारलाई सम्झाउन सक्छु, परिवार शिक्षित छ । श्रीमान शिक्षित भएको र पत्रकारितामा नै कार्यरत भएको हुनाले मलाई सजिलो छ" । त्यसैगरी पोखराकी गोमा घिमिरे (सम्पादक– राष्ट्रिय स्वाभिमान समप्ताहिक) भन्नुहुन्छ, "अविवाहित भएको भए बाहिर पुरुषसँग हिंड्दा कठिन हुन्थ्यो होला । विवाहित भएपछि सबैले मेडम भनि सम्बोधन गर्छन् र पुरुष सहकर्मीहरूसँग हिंड्दा पनि अरुले कुरा काट्दैनन् । आफू पनि सहि बाटोमा हिंडेमा कसैले नराम्रो आरोप लगाउन सक्दैन रहेछ जस्तो लाग्छ" । तर पनि घर परिवार सबैको चित्त बुझाउनु पर्ने बाध्यताका कारण कहिलेकाँही समस्या आईपर्छ भने प्रायः सबै सम्पादक/प्रकाशक महिलाको निष्कर्ष पाईयो ।

### ४.२.३ शैक्षिक अवस्था

एघारौं राष्ट्रिय जनगणना २०६८को नतिजा अनुसार नेपालमा महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ जहाँ पुरुषको साक्षरता दर ७५.१ प्रतिशत छ । विभिन्न क्षेत्रको प्रयासका बावजुद पनि महिलाको साक्षरता स्थिति पुरुषको तुलनामा १७ प्रतिशतले कम देखिन्छ । तलको तालिकामा उत्तरदाताको साक्षरता स्थिति देखाईएको छ ।

**तलिका नं. ३ उत्तरदाताको शैक्षिक स्थिति**

| क्र.स. | शिक्षा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एसएलसी | ० | |
| २. | आईए | ५ | १५.६२ |
| ३. | बिए वा सो सरह | २३ | ७१.८५ |
| ४. | एमए. वा सो सरह | ३ | ०९.३७ |
| ५. | एमए भन्दा माथि | १ | ०३.१२ |
| | **जम्मा** | **३२** | **१००** |

*स्रोतः सर्भेक्षण २०६९*

तलिका नं. ३ अनुसार सर्भेक्षित सङ्ख्याको सबैभन्दा बढी अर्थात एकहत्तर दशमलव आठ पाँच प्रतिशत पत्रकार महिला स्नातक पास छन् भने नेपाल सरकारको नियम अनुसार सम्पादक हुनको लागि न्यूनतम् योग्यता पनि स्नातक वा सो सरह नै हो । तर पन्ध्र दशमलव ६ दुई प्रतिशत महिला आईए वा सो सरह योग्यता भएका छन् । यसले के देखाउँछ भने सम्पादकको लागि निश्चित शैक्षिक योग्यता तोकिएको छ तर योग्यता नतोक्दा भने पत्रिका प्रकाशित गर्नेहरु आइए हुनुले कतै पत्रिकाको गुणस्तरियतामा फरक पार्ने त होइन ? यो पनि अध्ययनको विषय हुन सक्ने देखिन्छ । त्यसैगरी एक जना सम्पादक पिएचडीसम्मको अध्ययन गरेको पनि पाईएको छ । पर्सा वीरगंजकी डा.

सरस्वती नेपाल, जसले पाँच वटासम्म पत्रिकाको सम्पादक बनेर काम गरेको देखिन्छ तर ती पत्रिका भने नियमित प्रकाशन भएको देखिदैन ।

### ४.२.४ जातिगत वितरण

राष्ट्रिय जनगणना २०६८ मा जम्मा १२५ वटा जातजातिहरु रहेको देखाएको छ । यसअनुसार विगत २)५८ सालको जनगणनामा कुल जनसंख्याको १५.८ प्रतिशत रहेको क्षेत्रीको जनसंख्या यस नजगणनामा केहि वृद्धि भई १६.६ प्रतिशत पुगेको छ । सञ्चार माध्यमलाई समावेशी बनाउने राष्ट्रिय लक्ष्य भएता पनि आमसञ्चारका क्षेत्रमा अझै पछाडि पारिएका समुदायको सहभागिता न्यून नै देखिन्छ । तालिका ४ ले नै स्पष्ट पार्छ की सम्पादक/प्रकाशक महिलाको समावेशीकरण कुन तहको छ भन्ने कुरा ।

तालिका नं. ४ उत्तरदाताको जातिगत विवरण

| क्र.स. | उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राम्हाण | १७ | ५३.१२ |
| २. | क्षेत्री, ठकुरी, सन्यासी | ५ | १५.६२ |
| ३. | जनजाति | ७ | २१.८७ |
| ४. | मधेशी | ३ | ०९.३७ |
| | **जम्मा** | | **१००** |

*स्रोत: सर्भेक्षण २०६९*

जातीय, भाषिक, लैंगिक तथा क्षेत्रीय आधारमा जताततै विभेद र शोषण भएको आवाज उठिरहेको बेला यस अध्ययनमा पनि जातिय आधारमा पत्रकार महिलाहरूमा कुनै भेदभाव भएको छ भन्ने सवालमा जातियताकै आधारमा चाहिं कहिं कतै पनि भेदभाव नभएको कुरा सबै सर्भेक्षित जनसङ्ख्याले बताएका छन् । तर यहाँ पाइएको जातिगत विवरणअनुसार ५३ प्रतिशत भन्दा बढी ब्राम्हाण समुदायका छन् भने दोस्रो बहुसङ्ख्यक जनजाती समुदायका पत्रकार महिला रहेको पाइयो । त्यसैगरी क्षेत्री १५ प्रतिशत र मधेशी ९ प्रतिशत पाइएका छन् । तर सर्भेक्षित ३२ जनामा एक जना पनि

दलित समुदायका पाइएन । सर्सती हेर्दा जम्मा जनसंख्याको औसत रेसियो नै यहाँ देखिएको छ भन्न सकिन्छ, ब्राम्हाण समुदाय पहिलेदेखि हरेक क्षेत्रमा धेरै भएको यथार्थ छ । त्यही स्वरुप यो अध्ययनमा पनि देखिएको छ भने क्षेत्रीभन्दा चाहिं आदिवासी जनजातिहरु धेरै छन् । क्षेत्रीभन्दा जम्मा जनसंख्यामा पनि जनजातिको संख्या पनि झण्डै झण्डै दोब्बर भएकाले त्यही जनसंख्याको अनुपात यहाँ देख्न सकिन्छ ।

### ४.२.५ उत्तरदाताको जिल्लागत वितरण

यो अध्ययनको क्षेत्र १६ वटा जिल्लामा मात्र सम्पादक/प्रकाशक महिला पाइएको छ । जन जिल्ला भौगोलिक तथा विकासका अन्य मापदण्डको आधारमा सुगम र सहरी क्षेत्र बढि भएका जिल्ला नै पर्दछन् । त्यस कारण राज्य तथा अन्य सरोकारवाला निकायको प्रयासले भन्दा पनि स्वतरुपमा सुवधा प्राप्त वर्गका महिला मात्र यो क्षेत्रमा आउन सकेको देखिन्छ ।

तालिका नं. ५ उत्तरदाताको जिल्लागत वितरण

| क.स. | जिल्ला | उत्तरदाता सङ्ख्या | क.स. | जिल्ला | उत्तरदाता सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | झापा | २ | ९. | धनुषा | ३ |
| २. | मोरङ | ४ | १०. | पर्सा | ४ |
| ३. | सुनसरी | ३ | ११. | मकवानपुर | १ |
| ४. | धनकुटा | २ | १२. | रूपन्देही | १ |
| ५. | उदयपुर | १ | १३. | कास्की | ३ |
| ६. | सिन्धुली | १ | १४. | बाँके | २ |
| ७. | सर्लाही | १ | १५. | कैलाली | २ |
| ८. | सप्तरी | १ | १६. | कन्चनपुर | १ |
| | | | | **जम्मा** | **३२** |

*स्रोतः फिल्ड सर्भे २०६९*

यस सर्भेमा लिएका उत्तरदाताको जिल्लागत विवरणमाथिको तालिकामा देखाइए अनुसारको छ । यहाँ पर्सा र मोरङ जिल्लाबाट ४/४ जना नमूना परेका छन् । कास्की, धनुषा र सुनसरीबाट ३/३ जना, त्यसैगरी कैलाली, बाँके, धनकुटा र झापाबाट २/२ जना छन् भने बाँकी ७ वटा जिल्लाबाट १/१ जनाको दरले अन्तर्वार्ता लिईएको छ ।

## ४.३ पत्रकारितामा आवद्धता, अनुभव तथा क्षमता

यस अध्ययनको नमूना छनौटमा परेका र सर्भेक्षणमा संलग्न पत्रकार महिलाहरू मध्ये एक जना वि.सं. २०२९ सालदेखि यस पेशामा आवद्ध भएको पाईयो । अरु बाँकी त्यो भन्दापछि विभिन्न समयदेखि यो पेशामा आवद्ध हुँदै आएको पाईयो । सबैभन्दा पछि

वि.सं. २०६६ देखि यो पेशामा आउने पनि पाइएको छ । यसैगरी पत्रकारितामा महिलाको जिम्मेवारी तथा भूमिकाको सन्दर्भमा यस अध्ययनले देखाएअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.६ सर्भेक्षित नमूनाको जिम्मेवारीको अवस्था

| क.स. | जिम्मेवारी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सम्पादक | १७ | ५३.१२ |
| २. | प्रकाशक | ३ | ०९.३७ |
| ३. | दुवै (सम्पादक र प्रकाशक) | १२ | ३७.५० |
| | **जम्मा** | **३२** | **१००** |

*स्रोतः फिल्ड सर्भे २०६९*

सम्पादक/प्रकाशक महिलामा गरिएको यो अध्ययनमा जम्मा सर्भेक्षित ३२ जना मध्ये जिम्मेवारीको दृष्टिले जम्मा ५३ प्रतिशत अर्थात् १७ जना सम्पादक मात्र, ९ प्रतिशत प्रकाशक मात्र र ३७ प्रतिशत प्रकाशक तथा सम्पादक दुवै भएको पाइयो । यहाँ विगत चार दशक वर्षदेखि यो क्षेत्रमा निरन्तर समर्पित महिलाहरूको अध्ययनले देखाउँछ कि महिलाहरू चुलो र चौकोमा मात्र सिमित छैनन् तर यसका लागि उनीहरूले गरेको सङ्घर्ष र उच्च मनोकांक्षाले ठूलो भूमिका खेलेको हुनेरहेछ । साथै पत्रकारितामा आएका महिलाहरूलाई राज्यले पुऱ्याउनु पर्ने न्यूनतम सेवा तथा सहयोग पनि कमै मात्रामा भएको पाइयो ।

## ४.४ पेशागत दक्षता र आबद्धता

पत्रकारिता कतिजनाको रहरको क्षेत्र हुन्छ त कतिले समाज र राष्ट्रलाई योगदान दिने र यसैलाई आयआर्जनको पेशा बनाएका छन् । कतिले पत्रकारितामा नै औपचारिक शिक्षा लिएर पत्रकारिता अङ्गालेको पाईन्छ त कतिले तालिम तथा अनौपचारिक शिक्षामा

आधारित भएर कलम चलाएका छन् । जे जस्तो उद्देश्य र आसयले पत्रकारितामा आएको भए पनि प्राय सबै जना उत्तरदाता स्वीकार्छन् यो पेशामा आएपछि विषयगत ज्ञान र लेखनसीप सँगसँगै आफूलाई विषय वस्तुमा समय सान्दर्भिकता अनुरूप परिमार्जित गराउदै लानुपर्छ । सर्भेक्षित जनसङ्ख्यामा पाईएको विषयगत औपचारिक शिक्षा तथा तालिम लिएको विवरण तलको तालिकामा प्रस्तुत गरिए अनुरूप छ ।

तालिका नं.७ औपचारिक तथा अनौपचारिक शिक्षाको स्थिति

| क.स. | शैक्षिक विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पत्रकारितामा औपचारिक शिक्षा | | |
| | क) आई.ए. | ६ | १८.७५ |
| | ख) स्नातक | ९ | २८.१२ |
| | ग) स्नातकोत्तर | २ | ०६.२५ |
| | **जम्मा** | **१७** | **५३.१२** |
| २. | अनौपचारिक शिक्षा मात्र | | |
| | पत्रकारिता सम्बन्धि विभिन्न तालिम लिएको | **१५** | **४६.८७** |
| | **जम्मा** | **३२** | **१००** |

*स्रोत: फिल्ड सर्भेक्षण २०६९*

यस सर्भेक्षणमा परेका पत्रकार महिलामध्ये ६ जनाले आइएसम्मको शिक्षामा पत्रकारिता अध्ययन गरेको, ९ जनाले स्नातकसम्म पत्रकारिता पढेको र २ जनाले पत्रकारितामा नै स्नातक गरिसकेको पाइयो भने बाँकी १५ जनाले विभिन्न समय अवधिको र विषयमा अनौपचारिक शिक्षाअन्तर्गत तालिम, अभिमुखिकरण तथा कोर्ष गरेको पाइयो ।

यस अध्ययनमा समेटिएका सबै जनाले कुनै न कुनै विषयमा अनौपचारिक तालिम तथा अभिमुखीकरण लिएको पाइयो । यस सर्भेक्षित पत्रकार महिलाहरूले लिएका विविध विषय र अवधिका तालिमहरू तलको तालिकामा प्रस्तुत गरिएअनुसार छन् ।

तालिका नं.८ पत्रकारिता सम्बन्धि विभिन्न विषयमा तालिम लिएको विवरण

| क्र.स. | तालिम शीर्षक | सङ्ख्या/जना | तालिम लिएको अवधि /दिन |
|---|---|---|---|
| १. | आधारभूत पत्रकारिता तालिम | २३ | ७ दिन |
| २. | एडभान्स पत्रकारिता तालिम | ७ | ७ दिन |
| ३. | महिला र पत्रकारितासम्बन्धी तालिम | १७ | ७ दिन |
| ४. | फोटो पत्रकारिता | ६ | १० दिन |
| ५. | फिचरलेखन तालिम | १४ | विभिन्न चरणको |
| ६. | रेडियो पत्रकारिता तालिम | ६ | विभिन्न चरणको |
| ७. | समाचार लेखन तालिम | २१ | विभिन्न चरणको |
| ८. | पत्रिका सम्पादन तालिम | २० | विभिन्न चरण र अवधीको |

*स्रोतः फिल्ड सर्भेक्षण २०६९*

यसरी हेर्दा यस अध्ययनमा समेटिएका ३२ जना सबैले कुनै न कुनै तालिम लिएका छन् । जुन यो क्षेत्रमा आएपछि आवश्यक सीप विकासको लागि नभइ नहुने विषय पनि हो । पत्रकारिता विषयमा औपचारिक शिक्षा विभिन्न सङ्घसंस्थाले दिएको तालिम, एनपिआई संचार स्रोत केन्द्रबाट पटकपटक गरि विभिन्न विधामा तालिम दिएको, एक हप्ते, ५ दिने, ३ दिने आदि सम्पादन सम्बन्धी तालिम दिएका छन् । यहाँ पत्रकारिता विषयमा औपचारिक शिक्षा नभएका ५ जनाले सम्पादन सम्बन्धि तालिम लिएर सम्पादक भएको पाइयो भने जम्मा २० जनाले सम्पान सम्बन्धि तालिम लिएका छन् ।

त्यसैगरी पत्रकारिता सम्बन्धि आधारभूत तालिम सबैभन्दा धेरै २३ जनाले लिएका छन् र दोस्रो धेरै २१ जनाले विभिन्न चरणको समाचारलेखन तालिम लिएका छन् । यी तालिमहरु मध्य कुनै सञ्चारिका समूह, अस्मिता प्रकाशन, मानव अधिकारका क्षेत्रमा कार्यरत संस्था, यूनिसेफ जिविसलगायतले तालिम तथा प्रशिक्षण दिएको पाइयो । यस्ता तालिमले व्यवसायिक दक्षता वृद्धि हुनुको साथै उनीहरुमा सम्पादन तथा लेखन क्षमतामा आत्माविश्वास बढेको र

त्यसले गर्दा पुरुष सहकर्मीसंग कार्यसम्पादनमा प्रतिस्पर्धा गर्न सक्ने बनाएको बताएका छन् सर्भेचि महिलाहरुले ।

## ४.५ पत्रिकाको किसिम, वर्गीकरण र प्रकाशनको अवस्था

यस अध्ययनमा सर्भेक्षित सम्पादक/प्रकाशक महिलाद्वारा प्रकाशित पत्रिका खासगरी दुई प्रकारका लिइएको छ । यसमध्ये २ वटा अर्थात ०६.२५ प्रतिशत दैनिक र ३० वटा अर्थात ९३.७५ प्रतिशत साप्तहिकलाई लिइएको छ ।

तालिका नं. ९ पत्रिकाको किसिम

| क्र.स. | पत्रिकाको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साप्ताहिक | ३० | ९३.७५ |
| २. | दैनिक | २ | ०६.२५ |
| | **जम्मा** | **३२** | **१००** |

*स्रोतः सर्भेक्षण २०६९*

नेपालमा पत्रपत्रिकाको स्तरिकरण र वर्गिकरण गर्ने निकाय भनेको प्रेस काउन्सीन हो । प्रकाशनको लागत, प्रकाशन संख्या वितरणको स्थिति आदिको आधारमा पत्रिका क, ख, ग र घ वर्गमा विभाजन गीरका हुन्छन् । यस अध्ययनको नमूना छनौंटमा परेका पत्रिकाको वर्गिकरण निम्न तालिका नं. १० अनुसार रहेका छन् ।

तालिका नं. १० पत्रिकाको वर्गिकरण

| क्र.स. | वर्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क | ० | |
| २. | ख | १० | ३१.२५ |
| ३. | ग | ८ | २५.०० |
| ४. | घ | ६ | १८.७५ |
| ५. | वर्गिकरणको नतिजा आउन बाँकी | ३ | ०९.३७ |
| ६. | मापदण्ड पुगिनसकेको | ५ | १५.६२ |
| | **जम्मा** | **३२** | **१००** |

*स्रोतः सर्भेक्षण २०६९*

उपत्यका बाहिरबाट प्रकाशित महिला प्रकाशक तथा सम्पादक भएको एउटा पनि पत्रिका सूचना विभागको वर्गिकरणअर्न्तगत 'क' वर्गमा परेका छैनन् । यस अध्ययनमा संलग्न प्रकाशक सम्पादक महिलाबाट प्रकाशित मध्य 'ख' वर्गमा जम्मा १२ वटा, 'ग' वर्गमा १० वटा र 'घ' वर्गमा परेका छन् भने वर्गीाकरणको लागि निवेदन दिएको तर नतिजा आउन बाँकी ३ वटा र वर्गिकरणको लागि आवश्यक न्यूनतम् मापदण्ड नपुगेका पाँचवटा छन् ।

यस अध्ययनमा समावेश गरिएका प्रकाशन मध्ये केहि पत्रिका विशुद्ध पत्रकारिता क्षेत्रमा नलाग्ने महिलाहरूको नाममा दर्ता गरिएको पाइयो । यसमा पुरुषले लगानी गरेको तर महिलको नाममा दर्ता गर्दा पाईने सहुलियत, पत्रिका दर्ता गरेपछि सरकार तथा सूचना विभागबाट पाईने छुट तथा सहुलियत तथा सम्पादक हुनको लागि चाहिने योग्यता स्नातक तह हुनै पर्ने भएर पनि उच्च शिक्षा हासिल गरेका महिलाहरूको नाममा पत्रिका भएको पाइयो । त्यस्तै सिजनल विज्ञापन सङ्कलन जस्ता प्रयोजनको लागि मात्र प्रकाशन गरिएको देखिन्छ (सम्बन्धित जिल्लाका क्रियाशिल पत्रकारहरूले पनि केही पत्रपत्रिकामा त्यस्तै भएको बताएका छन् । यद्यपि यो महिलाको नाममा भएको मात्र होइन पुरुषहरूद्वारा नै प्रकाशित सम्पादित पत्रिकाहरू पनि त्यस्तै हुने गर्दछन्) ।

यी मध्ये केहि नियमित प्रकाशन नभएका तर दशैं/तिहार तथा नयाँ वर्षको अवसरमा विज्ञापन छपाउन मात्र पत्रिका निकाल्ने गरेको पाइयो तर कुन कुन पत्रिका यसरी प्रकाशन भइरहेका छन् भन्ने चाहिं कसैले पनि भन्न नचाहेको हुँदा यहाँ उल्लेख गर्न सकिएको छैन । यसरी नियमित प्रकाशन नहुनुमा पत्रिकाको नाममा पाउने सुविधा लिनको लागि दर्ता गरेर राख्ने नियत मात्र पनि देखिन्छ भने कतिले पत्रकार भनेर आफ्नो परिचय दिनको लागि पनि पत्रपत्रिका दर्ता गर्ने चलन छ । यी सर्भेक्षित प्रकाशन

मध्ये नेपाल पत्रकार महासङ्घमा आवद्ध भएको सङ्ख्या २८ वटा अर्थात ८७.५० प्रतिशत पाईयो भने आवद्धता नभएका जम्मा ४ वटा अर्थात १२.५ प्रतिशत पाईयो ।

## ४.६ प्रकाशनको लागत र आम्दानीको अवस्था

यस अध्ययनमा परेका प्रकाशक सम्पादकहरूबाट प्रकाशन भएका पत्रपत्रिकाको प्रकाशन र बिक्री वितरणको अवस्था अध्ययन गर्दा पाँच सयदेखि पैसट्ठी सय (छ हजार पाँच सय) प्रतिसम्म प्रकाशन भइरहेको पाइयो । यसमा सरदर पच्चिस सयदेखि तीन हजार प्रति प्रकाशन भएको पाइन्छ ।

बजार प्रतिस्पर्धात्मक छ भन्छन् सबै उत्तरदाताहरू । कुन समय वा विशेष अवस्थामा नियमित प्रकाशित सङ्ख्या भन्दा बढि प्रकाशन गर्ने गरेको पाइयो । सधैं बराबरी सङ्ख्यामा प्रकाशन गर्दा बिक्री नहुने भएकोले वितरणको अवस्थालाई हेरेर संङ्ख्या निर्धारण हुने बताउनुहुन्छ एकजना उत्तरदाता कैलालीकी लोग्सरी कुँवर । त्यसैगरी पोखराकी रीता गुरुङ भन्नुहुन्छ, 'हाम्रो पत्रिकाको ग्राहक पश्चिमाञ्चल विकासक्षेत्र भरि नै बनाएका छौं । त्यसको तुलनामा त पत्रिका प्रकाशन सङ्ख्या कमै हो । तैपनि यहाँ नजिक रहेका कास्की, गोरखा, लम्जुङ्ग, तनहुं, पर्वत, म्याग्दी, वाग्लुङ्ग, स्याङ्जालगायत मनाङ र मुस्ताङमा पनि हामीले पत्रिकाको बजार व्यवस्थापन गरेको छौं । हामीले प्रकाशन गर्ने ६ हजार ५०० पत्रिका मध्ये केही कार्यालय प्रति बाहेक सबै जसो विक्रि हुने गर्छ'।

यसैगरी धनकुटाकी हिमा चेम्जोङ भन्नुहुन्छ, "मैले दैनिक दुई हजार पत्रिका प्रकाशन गर्छु । तर कुनै विशेष दिन, पर्व वा घटनामा भने बढी पनि प्रकाशन गर्ने गरिएको छ । प्रकाशन हुने सबै पत्रिकाका पाठक वार्षिक ग्राहक हुन् । पैसा उठ्ने कुरा गर्नुपर्दा ९० प्रतिशत सरकारी कार्यालयले स्थानीय पत्रिका निशुल्क पढ्छन् । सरकारी

कार्यालयले कान्तिपुर, गोरखापत्रलगायत काठमाडौंबाट प्रकाशित हुने पत्रिका मात्र पैसा दिएर पढ्ने गरेका छन् । हाम्रो पत्रिकाको पैसा दिएपनि असार मसान्तमा कार्यालयमा बचेको दुई चार हजार रूपैयाँ जिल्लाबाट निस्कने जति पनि पत्रिका हुन्छन्, तिनीहरूलाई दामासाहीले बाँडेर दिने गरेका छन् ।" यसरी हेर्दा स्थानीय पत्रिकालाई नै स्थानीय सरकार मानिने जिल्लास्थित सरकारी निकायहरूले समेत किनेर पढ्दैनन् जबकी काठमाडौँबाट निस्कने पत्रिकाहरूलाई भने पैसा तिर्छन् । यसले गर्दा जिल्लाका सरकारी निकायले सहयोग गरेको छ भन्ने अवस्था छैन ।

मोफसलका ३२ जना प्रकाशक/सम्पादक महिलामा गरिएको यस अध्ययन अनुसार ६० प्रतिशतले प्रकाशनबाट हुने आम्दानीभन्दा खर्च बढी लाग्ने बताएका छन् भने ४० प्रतिशतले यो पेशाबाट रोजगारी पाएको र नाफामा नै चलेको बताएका छन् । एकजना उत्तरदाताको भनाईमा "पत्रिका प्रकाशनका लागि आवश्यक पर्ने कागज, कर्मचारी, प्रेस मेन्टिनेन्स गरि मासिक ३ लाख रूपैयाँ खर्च हुन्छ र सिजनमा ४ लाख ५० हजार रूपैयाँसम्म सङ्कलन हुन्छ भने अफ सिजनमा २ लाख ५० हजारदेखि ३ लाखसम्म रकम सङ्कलन हुन्छ" । सिजन भन्नाले कुनै शुभकामना दिने नयाँ वर्ष, दशैंतिहार जस्ता चाडबाड वा विद्यालयको भर्ना खुल्ने समय आदिलाई भनिएको छ । अर्को उत्तरदाता भन्नुहुन्छ, "पत्रिका प्रकाशनमा मासिक करिब डेढ लाख रूपैयाँसम्म खर्च हुने गरेको छ भने आम्दानी पनि एक लाख २० हजार रूपैयाँदेखि ३०/४० वा त्यो बढी पनि हुन्छ" । तर धेरैजसो उत्तरदाताका अनुसार बढीजसो घाटा नै हुन्छ । सामान्य पत्रिका निकाल्न कर्मचारी र लेख रचनाको पारिश्रमिक छोडेर मासिक झण्डै १५ हजार रूपैयाँ खर्च लाग्छ । त्यसरी हिसाब गर्दा र अधिकांश उत्तरदाताहरूको भनाइअनुसार पत्रिका प्रकाशन गरेर नाफाभन्दा बढी घाटा नै छ, आर्थिक हिसाबमा ।

सुनसरीको विजयपुर साप्ताहिककी गंगा बराल भन्नुहुन्छ “पच्चिस सय प्रति पत्रिका प्रकाशन हुन्छ र त्यसमा बिक्री कमै हुन्छ । नियमित ग्राहक एक हजार जना छन् । अरु पत्रिका गाविस, सरकारी कार्यालय, सङ्घसंस्था, पुस्तकालय, पुस्तक पसलमा जान्छन् ।” टिकापुर कैलालीकी दुर्गा देवकोटाको पीडा अझ मार्मिक छ, “पाँच सय प्रति प्रकाशन गर्ने गरिएको छ । बिक्री सबै हुन्छ तर पैसा उठ्दैन ।” यसरी पत्रकारितामा लागेका महिलाहरूको मुख्य आधार पत्रपत्रिकाको बिक्रीको अवस्था समग्रमा सन्तोषजनक चाहिँ अवश्य छैन ।

## ४.७ महिला र पुरुषद्वारा प्रकाशित पत्रिका वितरणको स्थिति

सामान्यतयाः यो अनुसन्धानकर्ताको परिकल्पना थियो, महिलाद्वारा प्रकाशित पत्रिकाको वितरण कम र पुरुषद्वारा प्रकाशित बढी हुने गरेको छ की भन्ने । तर लगभग ८० प्रतिशत उत्तरदाताले यो परिकल्पनाको विपरित जवाफ दिए । उनीहरू भन्छन् धेरै वा थोरै बिक्रि हुने भन्ने कुरा कसले कति प्रकाशन गर्छ भन्ने कुरा आफैमा भर पर्छ ।

पत्रिकाको गुणस्तर, निरन्तरता र पाठकको माग अनुसार प्रकाशन हुने गर्छ र बजारमा जसले राम्रोसँग सम्पर्क विस्तार गर्न सक्छ उसैको पत्रिकाको माग पनि आउँछ र प्रकाशन गृहले सम्झौता गरेका वितरकहरूमा पनि भर पर्छ । वितरक राम्रो भए राम्रो वितरण हुन्छ, तर यो महिलाद्वारा प्रकाशित मात्र होइन पुरुषहरूले प्रकाशित गर्ने पत्रिकाको पनि अवस्था वितरणमा भने उस्तै हो । लोग्सरी कुँवर भन्नुहुन्छ “फरक छैन । कैलालीमा सङ्ख्यात्मक रूपमा बढी पत्रिका प्रकाशन गर्नेमा हामी दोस्रो नम्बरमा छौं” ।

तर केहि उत्तरदाताको भनाईमा चाहिं पत्रिका खरिदबिक्रीमा पनि भेदभाव छ । उनीहरूका अनुसार पत्रिका भन्ने कुरा पहुँचको आधारमा बिक्री हुन्छ । जसले व्यक्तिगत

पहुँचका आधारमा सरकारी तथा अन्य सङ्घसंस्थामा सम्पर्क बढाउन सक्छ उसैको पत्रिका बढी बिक्री पनि हुन्छ । विभिन्न कारणले यो सवालमा पुरुषहरू अगाडि छन् ।

## ४.८ महिला पत्रकार छापा माध्ययममा लाग्नुको कारण

यस उपशीर्षकमा पत्रकार महिलाहरू पत्रकारिता त्यसमा पनि छापा माध्यममा नै लाग्नुको खास कारणहरूको बारेमा प्राप्त तथ्याङकलाई विश्लेषण गरिएको छ । यस सर्भेक्षणमा समाविष्ट पत्रकार महिलाहरू मध्य बहुसंख्यकको भनाईमा पत्रिकारिता उनीहरूको मुख्य रुचिको विषय भएर नै हो । यस क्षेत्रमा आएर समाजलाई सुसूचित गर्ने, आवाजविहीनहरूका आवाजलाई उजागर गर्ने, अन्याय, अत्याचार र भ्रष्टाचारविरुद्ध कलमको माध्यमबाट आवाज उठाउने, महिला सशक्तिकरणका लागि पहल गर्ने आदि अपेक्षाहरू पाइयो ।

समाजमा परिवर्तनका लागि लाग्नुपर्छ र त्यसका लागि पत्रकारिता पेशा उपयुक्त छ भन्ने आधारमा पनि यो पेशामा आएको भन्नेहरूको बाहुल्यता पाइयो यो अध्ययनमा । “म आफ्नो फरक पहिचान दिन चाहन्छु यसर्थ पनि यस क्षेत्रमा लागेकी हुँ । यो सँगसँगै गुरुङ समुदायमा पत्रकारिता पेशामा आवद्ध हुने पनि कम छन्, मैले पत्रकारिता सुरु गर्दा पोखरामा गुरुङ समुदायबाट कोही पनि पत्रकार नै थिएनन्” भन्नुहुन्छ पोखराबाट प्रकाशन हुने गोल्डेन न्यूज राष्ट्रिय दैनिककी सम्पादक रीता गुरुङ । यसैगरी महिलाका सवालहरू बाहिर ल्याएर महिलालाई चेतना जगाउँ, पितृसत्तात्मक समाजमा पत्रकार महिलाको महत्व स्थापित गराउन यो क्षेत्रमा आएको बताउने गोमा घिमिरे पोखराबाट प्रकाशित हुने राष्ट्रिय स्वाभिमान साप्ताहिककी कार्यकारी सम्पादक हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, “मैले बुझेको सञ्चारमाध्यम मध्ये छापा माध्यम भनेको जटिल परिस्थितिसँग जुधेको छ । हुन त यो आफैमा पनि जटिल माध्यम पनि हो तर चुनौतीसँग भागेर होइन

जोडिएर सामना गऱ्यौं भने अवश्य पनि सङ्घर्षको फल राम्रो होला भन्ने ठानेको थिएँ । म यस मिडियामा सामान्य भूमिकाबाट प्रवेश गरेको व्यक्ति हुँ । म जब छापा माध्यममा मानसिकता जुध्न तयार हुँदै निर्णायक भूमिकामा प्रवेश गऱ्यो, यसले अवश्य पनि मेरो व्यक्तित्व विकास गरेको त छ नै । यसको अलवा मैले समाजलाई चेतना फैलाउने जिम्मा पनि पाएकी छु ।"

त्यसैगरी कैलाली जिल्लाबाट प्रकाशन हुने मर्निङ बेल दैनिककी प्रकाशक लोग्सरी कुँवरको भनाई छ, "शुरुमा पत्रकारिता भनेको के हो भन्ने थाहा नपाउँदै टाईम पास गर्ने उद्देश्यले प्रवेश गरें । पछि यसको महत्व बुझ्न थालेपछि छोड्न सकिन । विद्युतीय सञ्चार माध्यममा काम नगर्ने भन्ने मान्यता होइन । छापा माध्यमबाटै नै पत्रकारिता सुरु गरेकाले अहिलेसम्म पत्रिकामै छु र विद्युतीय सञ्चार माध्यममा काम गर्ने मेसो पाइएन । साप्ताहिक पत्रिकामा तीन वर्ष भन्दा बढी काम गरिसकेपछि यो क्षेत्र छोडेर अन्य पेशामा जाने आँट समेत आएन र अब पत्रकारितालाई नै आफ्नो पेशा बनाएर व्यावसायिकरूपमा अगाडि बढ्नुपर्छ भन्ने सोचेर दैनिक पत्रिका सुरु गरेकी हुँ । त्यतिमात्र नभई मेरो क्षेत्र (सुदूरपश्चिम) मा सञ्चालित सबै मिडिया हाउसका मालिक पुरुष मात्र थिए । त्यतिबेला सुदूरपश्चिमकै कञ्चनपुरमा मेनुका बस्नेत सम्पादक प्रकाशक भएको सामना साप्ताहिक प्रकाशन सुरु भएको करिब ४-५ महिनामै बन्द भइसकेको थियो । मिडियामा पुरुष मालिक हुँदा उनीहरूले प्रकाशन/प्रसारण गर्ने समाचार, लेखहरूसमेत महिलाको पक्षमा हुँदैनथे । त्यसैले आफ्नो मिडिया हुँदा कमसेकम महिला उत्पिडनका कुराहरू त बाहिर ल्याउन सकिने रहेछ भन्ने महसुस भएपछि मैले आफ्नै प्रकाशनमा पत्रिका निकालेकी हुँ" । कैलालीकै दुर्गा देवकोटाले सुरुमा पत्रकारिता गर्दा छापा माध्यमबाटै पत्रकारिता गर्ने अवसर पाएको बताउनुहुन्छ । त्यसपछि पुरुषसँग सहकार्य गरेर काम गर्ने क्रममा सामाजिक परिवेश र पुरुष पत्रकारको सोच फरक भएकाले बरु

सङ्घर्षपूर्ण काम गरेर महिलाको अधिकारका बारेमा बोल्न सजिलो होला भन्ने ठानेर पत्रिका प्रकाशनको सोच बनाएको बताउनु हुन्छ ।

यसैगरी एकातिर सूचनाको बाहक बनेर महिलाले पनि पुरुषले जस्तै पत्रकारिता गर्न सक्छन् भन्ने देखाउने रहर त कतै मूलधार भनिएका पत्रिकाले ग्रामीण महिलाका सवाललाई स्थान नदिएपछि आफैं यो क्षेत्रमा आएर आममहिलाका सवाललाई उठाउने चाहनाले धेरै सम्पादक/प्रकाशक महिलालाई यो क्षेत्रमा ल्याएको पाइयो । यो क्षेत्रमा लाग्ने महिलाहरुले मुख्यतः महिला सवालमा आवाज उठाउने सशक्त माध्यम कलम हो भन्ने निष्कर्ष निकालेको पाइयो ।

## ४.९ सम्पादक महिलाको भूमिका र जिम्मेवारी

यो अध्ययनको एउटा महत्वपूर्ण पक्ष सम्पादक महिलाहरुको स्थिति अध्ययन गर्नु हो । अनुसन्धानमा संलग्न महिलाहरुको अनुभवको अभिव्यक्तिलाई आधार मान्दा काठमाण्डौ बाहिर बसेर पत्रपत्रिकाको सम्पादक हुनु कम चुनौतिपूर्ण कार्य हैन । सम्पादनको कार्य छापा पत्रकारितामा सबैभन्दा माथिल्लो र कठिन मानिए पनि विविध कारण जस्तै, कम लागतका प्रकाशन गृहले धेरै कर्मचारी राख्न नसक्ने, स्थानीय तहमा दक्ष जनशक्तिको अभाव, पत्रिका सम्पादन मात्र गरेर पूर्ण रोजगारी नहुने आदि कारणले सम्पादनको अलवा, सम्वाददाता, स्तम्भकार, कार्यालय व्यवस्थापन जस्ता जिम्मेवारीसमेत सम्पादक महिलाले लिएको पाइयो । तर सामान्यतय सम्पादक भन्नाले कुनै पनि पत्रिकाको मुख्य जिम्मेवारी बहन गर्ने व्यक्ति हो भने प्रकाशक भन्नाले त्यो पत्रिकामा लगानी गर्ने वा अर्थात व्यवस्थापिकीय जिम्मेवारी बोकेको प्रमुख व्यक्ति भनेर मानिन्छ ।

यो अध्ययनमा सर्भेक्षित ३२ जना पत्रकार महिला मध्ये १७ जना सम्पादक छन् । उनीहरुको अनुभवलाई विश्लेषण गर्दा साँच्चै कठिन र चुनौतिपुर्ण ढंगबाट उनीहरु

सम्पादक भएका छन् भन्ने स्पष्ट हुन्छ । यस मध्येकी एक सम्पादकको भनाइमा 'पत्रिका वितरणको लागि कर्मचारी राख्न सकिंदैन, उज्यालो हुनु अघि आफैं पत्रिका बाँडिसक्छु, चिनेको ठाउँमा चाहिं अलि अप्ठ्यारो लाग्दो रहेछ । उहाँले थप्नुभयो, चिन्छन् भनेर पछ्यौरा ओढेर साइकल तिब्र गतिमा चलाउँछु, यदि कसैले भेटिहाले भने आज वितरकको कुनै काम परेछ भनेर बहाना पनि पार्छु" । करिब एक दशकदेखि पत्रकारिता सलंग्न रहेर अहिले एक साप्ताहिक पत्रिकाको सम्पादकको यथार्थ हो यो ।

आफूले लेखेको समाचार नछापि दिएकै कारण बाँकेकी अछरी पोखरेलले आफैं पत्रिका प्रकाशित गर्न थाल्नुभयो र त्यसको सम्पादक पनि आफैं बन्नुभयो । कैलालीबाट प्रकाशन हुने सुदुरपश्चिमको प्रयासकी प्रकाशक तथा सम्पादक दुर्गा देवकोटासँग पनि पनि अछरीको जस्तै अनुभव छ । महिलाले सम्पादन गरेको पत्रिकामा छापिएका समाचार तथा लेखरचनामा चित्त नबुझे वा विवाद भए दिइने धम्की त सामान्य कुरा भएको साथै त्यस्ता कुरालाई सिधा महिलाको चरित्रसंग जोडेर प्रचार गरिदिने गरेको पनि उत्तरदाताहरुको भनाइ छ । महिलालाई उसको चरित्रसंग जोडेपछि उनीहरुलाई कमजोर बनाउन सकिन्छ भन्ने सोच अझै यो पितृसतात्मक समाजमा विद्यमान छ ।

जानकी एक्सप्रेसकी सम्पादक अनिताकुमारी साहको भनाइमा मधेशी महिला त्यसमा पनि पत्रकारिता क्षेत्रका आएकाहरुको स्थिति अझ बढि चुनौतीपूर्ण छ । जनकपुर क्षेत्रका सम्पादक तथा पत्रकार महिलालाई समाचार छापेकै आधारमा ज्यान मार्ने धम्की दिने गरिएको, अङ्गभङ्ग हुने गरी कुटपिट गरेको, परिवारको ज्यान लिने धम्की दिएको साथै विभिन्न भूमिगत समूहले मोटो रकम चन्दा भन्दै माग गर्ने गरेको जस्ता समस्याहरु रहेको बताउनुहुन्छ । अध्ययनमा सहभागिको संघर्ष, पीडा फरक फरक छन् । पोखराबाट प्रकाशित गोल्डेन न्यूज दैनिक पत्रिकाकी प्रकाशक/सम्पादक रीता गुरुङ्गलाई त यो समाचार उसैले लेखेको हो र पनि भन्ने गरेका थिए रे । लामो समय एफएममा पनि

समाचार शाखामासंगै काम गरेका पुरुष पत्रकारहरुले नै आफूमाथि शंका गरेको गुरुङ्गको गुनासो छ । आफूले हरेक काम गरेको र गर्नसक्ने क्षमता हुँदाहुँदै पनि महिला भएकै कारण क्षमता छैन वा गर्न सक्दैनन् भन्ने दृष्टिकोणले हेर्ने गरिएको छ ।

सामान्यतया हामी कुनै पनि पत्रिकाको सम्पादकलाई त्यो मिडियो हाउसको सबैभन्दा ठूलो व्यक्ति जसले समाचार कस्ता कस्ता छन्, कसरी प्रकाशित हुँदैछ, कभर स्टोरी, सम्पादकीय आदि विषयलाई मात्र सरसर्ती हेर्ने व्यक्तिको रुपमा बुझ्ने बुझाइ भन्दा चाहिं उपत्यका बाहिरका सम्पादक महिलाहरुको स्थिति धेरै फरक छ । र प्रकाशक महिलाहरुको स्थिति पनि त्यो भन्दा फरक छैन । कुनै मिडिया हाउसको लगानीकर्ता वा लगानी गर्ने व्यक्ति हो भन्ने आमधारणा भए पनि महिलाहरुको हकमा भने केहि फरक अवस्था पनि छ । उनीहरुले बाबुआमाको नाममा रहेको जग्गा तथा भएको सुन धितो राखेर र ऋण लिएर पत्रिका प्रकाशन गर्ने गरिहेका पनि प्रकाशकहरु पाइयो ।

यसरी हेर्दा प्रकाशक सम्पादक महिला जो उपत्यका बाहिरबाट पत्रपत्रिका प्रकाशन तथा सम्पादन गरिरहेका छन्, उनीहरु सम्पादकहरु पनि सम्पादकको भूमिका वा जिम्मेवारी मात्र काम गरेर संभव नभएको पाइयो भने प्रकाशक महिलाहरुको अवस्था पनि अध्ययनबाट त्यस्तै देखियो ।

## ४.१० पत्रकार महिलाप्रतिको सामाजिक दृष्टिकोण

यस अध्ययनमा पत्रकारितामा लागेका महिलाहरूलाई घरपरिवार तथा समाजमा उनीहरूलाई हेर्ने दृष्टिकोणको बारेमा पनि प्रश्न राखिएको थियो । प्राप्त नतिजा अनुसार २६.६६ प्रतिशत सर्भेक्षित जनसङ्ख्यालाई यो पेशामा लाग्दा नकारात्मक दृष्टिले हेर्ने गरेको पाइयो भने ७३.३३ प्रतिशतलाई सकारात्मक दृष्टिले हेर्ने गरेको पाइयो ।

महिलाहरू जुनसुकै पनि बेला घरबाट निस्कनु पर्ने, विभिन्न प्रकारका मान्छेलाई

भेट्नु तथा कुरा गर्नुपर्ने र कहिले काहीं समाजले नपचाएका विकृति, विसंगति, अनैतिक, गैरकानुनी र सामाजिक विभेदविरुद्ध कलम चलाउनु पर्ने भएकोले पनि यस्तो पेशा महिलाले अपनाउँदा समाजको नकारात्मक धारणा रहेको पाइयो । सुरुमा नकारात्मक भए पनि क्रमशः यो क्षेत्रमा आफूलाई स्थापित गर्दै गएपछि र प्रगति गरेको देखेपछि सकारात्मक धारणा बनाउन थालेको पनि पाइयो ।

तर अहिले समाजले सकारात्मक दृष्टिले हेरेको भन्नेहरूको तर्कमा महिलाले समाज परिवर्तन गर्न पुऱ्याएको योगदान, आफैं परिवर्तनकोवाहक बनेर समाजको नमूना बनेको र यसको लागि चुनौतीपूर्ण काम गर्ने साहस गर्ने महिलालाई सकारात्मक रूपमा सम्मानित दृष्टिले हेर्ने गरेको पाइन थालेको छ । यसरी पत्रकारिता क्षेत्रमा कार्यरत महिलाहरूलाई विभिन्न सामाजिक गतिविधिमा सम्मान स्वरूप आमन्त्रण गर्ने, सरसल्लाह लिन आउने तथा कुनै पनि घटना भएको अवस्थामा पत्रिकामा जानकारी दिने लगायतका अनुरोधहरू पनि गर्न थालिएको छ ।

## ४.११ प्रकाशक/सम्पादक महिलाका समस्या तथा चुनौतीहरू

नेपालमा पत्रकारिता क्षेत्र समग्रमा चुनौतीपूर्ण मानिन्छ चाहे त्यो महिलाहरूको लागि होस् वा पुरुष । त्यसमा पनि छापा पत्रकारिताका आफ्नै समस्या छन् । पत्रिका प्रकाशन गर्दा लाग्ने लागतको तुलनामा पत्रिका बेचेर प्राप्त हुने आम्दानी कम हुनु, कामअनुसारको पारिश्रमिक नपाउनु, समय धेरै दिनुपर्ने, रातसाँझ वा अन्य कुनै मुख्य चाडपर्व तथा भनेको समयमा बिदा लिन कठिन, पेशाको ग्यारेन्टी नहुनु, यस्तै यस्तै कारणले पत्रकारिता पनि एउटा पेशा हो भनेर समाजले समेत नबुझ्दा झन् समस्या हुने गरेको छ ।

पत्रकारितालाई सामाज तथा खासगरी राजनीतिक दलहरूले पनि मर्यादित बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । फरक विचार वा आलोचनालाई त्यही रूपमा

स्वीकार्न नसक्ने हाम्रा राजनीतिक पार्टीहरू कै सिको गरेर पत्रकारहरूलाई डर, त्रास देखाउने र गलत कामको सूचनापर्वाह गर्दा पत्रकारको ज्यान नै लिने जस्ता घटना पनि नभएका हैनन् ।

यस अध्ययनमा समेटिएका सम्पादक/प्रकाशक महिलाहरूका पनि आर्थिक समस्या, सुरक्षाको चुनौती, घरपरिवारबाट आउने बाधा व्यवधान, समाजले लगाउने लाञ्छना तथा कुरा काट्ने जस्ता समस्या पाइयो । सञ्चारमाध्यमको विकाससँगै व्यावसायिक  समस्याहरू सम्पादक प्रकाशकहरूलाई बढ्दै गएका छन् ।

अर्को, पत्रिका प्रकाशनको महत्वपूर्ण पाटो आर्थिक पक्ष हो । पत्रिका बिक्रि र विज्ञापनबाट सङ्कलन हुने रकम नै यसको आर्थिक आधार हो । तर अस्वस्थ प्रतिस्पर्धाले गर्दा बजारमा पनि पुरुषद्वारा प्रकाशित पत्रिकासंग तुलनात्मक रूपमा महिलालाई प्रतिस्पर्धा गर्न गाह्रो छ । यसका साथै धेरै सामाजिक समस्या छन् । पुरुषप्रधान समाज र पुराना मुल्य मान्यताका कारण महिलाहरू अझै पनि पीडित भइरहेका छन् । यसबाट सम्पादक/प्रकाशक महिला पनि अछुतो रहन सकेका छैनन् । राती अबेरसम्म काम गर्नुपर्ने भएकाले अरुले गलत नजरले हेर्ने, रातिको समयमा कार्यालयबाट घर फर्कंदा असुरक्षाको महसुस हुने, कहिले काहीं राती अबेर घर फर्कंदा जनताको सुरक्षाका लागि खटिएर बसेका सुरक्षाकर्मीबाट समेत अपशब्द सुन्नुपर्नेलगायतका समस्याहरू पनि भोग्नु पर्ने स्थिति छ । सम्पादक महिलाका लागि मात्र नभई समग्र सम्पादकका लागि समस्या र चुनौती छन् । मुलुकको अन्यौलपूर्ण राजनीतिका कारणले शान्ति सुरक्षा कायम हुन नसक्दा  सम्पादकको हैसियतले स्वतन्त्रपूर्वक सम्पादकीय लेख्न नपाउनुजस्ता समस्या र चुनौती अझै छ, यो समस्या पनि काठमाडौँमा भन्दा काठमाडौँ बाहिर धेरै छ ।

पत्रकारिता पेशामा सधै नयाँ-नयाँ विषयमा कलम चलाउनु पर्ने भएकोले प्राय सबै जसो विषयमा सँधै दख्खल राख्नु पर्ने हुन्छ । सुरुका दिनमा विषयको ज्ञान कम

भएका महिलालाई झनै कठिन छ । घरको काम सबै भ्याएर पत्रिकालाई समय दिंदा सम्बन्धित विषयमा अध्ययन गर्ने समय नहुने हुनाले अरु महिलाले भोगेका समस्यासँगै थप पत्रिका बजारमा ल्याउँदासम्मको दुःख बेहोर्नु महिलाहरूको बाध्यता छ । साथै महिलाले सञ्चालन गरेको पत्रिका भनेपछि घटनाहरूलाई प्रकाशित गर्ने बित्तिकै सत्य भएपनि दुख दिन झुठो प्रमाण लिएर आउने र झमेला गराउन खोज्ने जस्ता घटना सामान्य जस्तो लाग्छ यो क्षेत्रमा आजकल । यसर्थ कुनै न कुनै समस्या नभएका मिडिया विरलै भेटिएलान् । त्यस्तै देशको समसामयिक विषयमा कलम चलाउनेलाई जहिले पनि आफूले उठाएका विषयहरूलाई गन्तव्यमा पुऱ्याउने हुन्छ । अहिलेको चुनौती भनेको शान्ति र जनताको नयाँ संविधानलाई कसरी स्थापना गर्ने कुन पक्षलाई जोड दिनको लागि जनतालाई घच्घच्याउने भन्ने रहेको पनि पाइयो ।

आर्थिक, भौतिक तथा प्राविधिक सामाग्रीको समस्या : जहाँ महिलाको न्यून पहुँचका कारण प्रकाशनलाई व्यवस्थित गर्न कठिनाई भोगिरहेको पाइयो । प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाको प्रत्याभूति नहुनु । दोषीमाथि कारवाही हुन नसक्दा पत्रकारमाथिको आक्रमणका घटना दोहोरिरहनु । दण्डहीनताको अन्त्य नै पत्रकारितामा सुरक्षित रहनु हो भन्ने आधारभूत मान्यता सुरक्षा निकायलाई अझै बुझाउन सकिएको छैन भन्ने बहुसंख्यक महिलाहरूको बुझाई पाइयो ।

अर्कोतर्फ, पुरुष मात्र मिडियाका मालिक भएको क्षेत्रमा महिला पनि दैनिक पत्रिकाको मालिक भएपछि अधिकांशलाई त्यो कुरा नपचेको ठान्छन्, विशेष गरी दैनिक पत्रिकाका सम्पादक/प्रकाशकहरू । “पितृसतात्मक मान्यताले जरो गाडेको सुदूरपश्चिममा महिला पनि पहिलो पटक यसरी जोखिमपूर्ण पेशामा रहेर पत्रिका सम्पादन गर्न थालेपछि केही कार्यालयका मानिसहरू र स्वयं पत्रकारहरू नै ‘बैकिनी (महिला) लाई पनि के पत्रिका निकाल्नु पऱ्यो होला’ भनेर टिका टिप्पणी गर्थे,” लोग्सरीको

दुःखद अनुभव छ । बजार, विज्ञापन र पाठकको अभाव रहेको सुदुरपश्चिमाञ्चल क्षेत्रमा विज्ञापन पाउनका लागि सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाका हाकिमहरूसँग होटेल रेष्टुरेन्टहरूमा जाँड रक्सी खानु र ख्वाउनु पर्ने चलन छ । त्यसमा पनि व्यक्तिगत पहुँचका आधारमा विज्ञापन पाइने । विशुद्ध व्यावसायिक पत्रकारित गर्ने मान्छेलाई आर्थिक समस्या नहुने त कुरै भएन । आर्थिक समस्याकै कुरा गर्नुपर्दा पत्रिका चलाउनकै लागि तीन वर्ष पहिले ९ आना सुन बेच्नु परेको, बैंकबाट ४ लाख ऋण निकाल्नु परेको तितो यथार्थ छ लोग्सरीसँग । पत्रिकाबाट आउने पैसाले बैंकको ब्याज तिर्न चाँहि पुगेको थियो । पत्रिकाको मालिक भएर घर जग्गा जोड्ने र गाडी चढ्ने पुरुष पत्रकारहरूको अगाडि आफ्नै विवाहमा दुई आना सुन पनि किन्न नसकेको पिडा पोख्छिन्, लोग्सरी कुँवर । सामाजिक समस्या झनै विकराल भएको बताउने लोग्सरीले समाचार लेखेकै कारण आक्रमण भएर दुईवटा दाँत पनि गुमाउनु परेको पनि बताउनुभयो ।

विषयगत दक्षताको दृष्टिकोणले त पुरुष सम्पादक भन्दा विशेष खालको समस्या र चुनौती त छैनन् । तर रातको ११ देखि १२ बजेसम्मको समयमा कार्यालयको काम सकेर घर फर्कंदा बाटोमा हिंड्ने बटुवा, छिमेकी, गस्तीमा रहेका प्रहरी आदिबाट समेत पुरुष सम्पादकको तुलनामा बढी मानसिक यातना महिलाले सहनुपर्छ भन्ने धारणा प्रायः सबै उत्तरदाताबाट आएको छ ।

## ४.१२ पत्रकार महिला र यसले समाजमा पारेको प्रभाव

महिला र पुरुष वीचको विभेद संसारभरी छ । केवल विभेदका प्रकार र तहमा मात्र फरक हो । नेपाली पितृसतात्मक समाजमा अझै पनि महिला घरभित्र सिमित रहने जातको रूपमा लिईन्छ र उनीहरूले गरेको कामको उचित मूल्याङ्कन गरिदैन वा

अवमूल्यन गरिदै आएको छ । यस्तो परिस्थितिमा पत्रकारिता क्षेत्रमा महिलाले आजसम्मा जे जति गर्नसके त्यसलाई सकारात्मक रूपमा लिनुपर्दछ ।

पत्रकार महासङ्घले वि.सं. २०६८ मा प्रकाशन गरेको तथ्याङ्क[१२] अनुसार हाल नेपालमा सबै प्रकारका पत्रकारिता क्षेत्रमा महिलाहरूको सङ्ख्या करिब एक हजार जनाको हाराहारीमा छ । यो सङ्ख्यामा महिलाहरू पत्रकारिता क्षेत्रमा आउनु पनि एउटा सकारात्कम परिवर्तनको उदाहरण हो । साथै यी महिलाहरूले महिलामाथि हुने हिंसा तथा विभेदको बारेमा कलम चलाउँदा लाखौं महिलामा परिवर्तन ल्याएको हुन्छ । पत्रकार महिलाले महिलाको विषयमा मात्र नभएर समाजका विविध घटना तथा विषयमा लेख्ने गरेका छन् । महिलाले सम्पादन तथा प्रकाशन गरेका पत्रपत्रिकामा बढीजसो महिला, दलित, तेस्रोलिङ्गी, समाजमा पछाडि पारिएका समुदाय, सामाजिक साँस्कृतिक विभेद्, कुरिती तथा भ्रष्टाचारको बारेमा समाचार संप्रशन गरेको पाइन्छ । यसरी पत्रकार महिलाहरूले महिला हिंसा र मुद्दालाई उठाउन सफल भएको छ । सामाजिक परम्परा र कुरीतिलाई चिर्न सहयोग पुगेको छ ।

साथसाथै महिला सम्पादकले महिलाको पक्षमा नीतिगत पैरवी गर्ने, महिला विरुद्धका कानून तथा नीति र महिला विरुद्ध भएका विभेद र हिंसासंग सम्बन्धि लेखरचना र समाचारलाई प्राथमिकता दिने गरेको कुरा यस अध्ययनमा संलग्न सम्पादक महिलाहरुको भनाई छ । यसरी महिला माथि भएका बलात्कार, हिंसा तथा कानूनी निकायले पनि यस्ता पीडित महिलालाई न्याय दिलाउन आनाकानी गरेको कुरा पत्रिकामा प्रकाशन गर्दा आफूलाई पीडक र उसका मतियारले सांघातिक हमला गरेको, ज्यान लिने

---

[१२] नेपाल पत्रकार महासङ्घको प्रतिवेदन २०६८, हेर्नुहोला ।

धम्की दिएको र कुटपिट गरी दाँत समेत फुकाली दिएको बताउँछिन कैलालीबाट प्रकाशन हुने मर्निङबेलकी प्रकाशक लोग्सरी कुँवर ।

## ४.१३ विज्ञापनदाताले महिला र पुरुष प्रकाशक/सम्पादकबीच गर्ने व्यवहार

महिला वा पुरुष प्रकाशक/सम्पादक भएकै आधारमा विज्ञापनताहरूले गर्ने व्यवहार पनि फरक छ वा छैन भन्ने सवालमा ६६.७ प्रतिशतले विभिन्न कारणवश भेदभाव हुन्छ भनेका छन् र ३३.३३ प्रतिशतले भेदभाव छैन भन्ने जवाफ दिएका छन् । महिला भएकै कारण विज्ञापन पाउन कठिन छ । पुरुषसँगसँगै बसेर रक्सी खाने र त्यसपछि विज्ञापन दिने गरिन्छ तर महिलाको हकमा त्यो संभव हुँदैन त्यसैले विज्ञापन पाउन कठिन छ भन्ने धारणा बढी पाइयो । साथै दैनिक पत्रिकाको दाँजोमा साप्ताहिक पत्रिकाले विज्ञापन कमै मात्र पाउँछन् । त्यसमा पनि महिलाभन्दा पुरुषले नै बढी पाएका हुन्छन् । बढीजसो सरकारी कार्यालयहरू पनि व्यक्तिगत पहुँचका आधारमा विज्ञापन दिन्छन् । टीकापुर महोत्सवमा टीकापुर नगर उद्योग वाणिज्य सघले समानस्तरका पत्रिकालाई महिला भएकै कारण विभेद गरेको छ भन्नुहुन्छ, कैलालीका पत्रकार महिलाहरू ।

भेदभाव गरेको थाहा छैन भन्ने उत्तरदाताको भनाईमा, विज्ञापनदाताले पत्रिकामा हुने समाचारको विषयवस्तुलाई लिएर वा हेरेर विज्ञापन दिने गर्छन् । जुन पत्रिका बढी बिक्री हुन्छ सोही पत्रिकालाई विज्ञापन दिन्छन् । यद्यपि विज्ञापनदाताहरूसँग बसेर हामीले पुरुष सम्पादक जस्तो उनीहरूले भनेको समयमा भेटघाट र कुराकानी गर्ने अवस्था नरहेकाल भने कतिपय विज्ञापनहरू चाहिं पुरुषहरूलाई मात्र पनि जाने गरेको उनीहरूको भनाइ छ ।

## ४.१४ प्रकाशन गृहमा महिला नेतृत्व र महिला सवाल

महिलाद्वारा सम्पादित तथा प्रकाशित पत्रिकाहरूको सङ्ख्या बढ्दै गएको अवस्था छ ।

यसमध्ये कति महिला आफ्नै नेतृत्वमा अगाडि बढिरहेका छन् भने कतिलाई परिवारका सदस्य तथा श्रीमानले पनि यो क्षेत्रमा आउन सहयोग पुऱ्याएको पाइन्छ । महिलाहरू पत्रिका प्रकाशनमा आउनुका मुख्य कारण व्यापारिक र महिला तथा सामाजिक मुद्दालाई अगाडि बढाउने दुईवटा उद्देश्य देखिन्छन् । प्रकाशक/सम्पादक महिला भएका पत्रिकामा बहुसंख्यक महिला कर्मचारी तथा सम्वाददाता हुने तर थोरै पुरुष पनि कार्यरत रहेको पाइयो । तर कति यस्ता प्रकाशनगृह छन् जसका प्रकाशक/सम्पादक पुरुष छन् त्यहाँ सामान्य तहका कर्मचारीबाहेक महिला नभएको पनि पाइयो ।

महिला सम्पादक भएका पत्रिकाले विशेष गरी महिला सवालका विषयलाई नै बढी स्थान दिने गरेको पाइयो । तर प्रकाशक महिला भएका पत्रिकामा भने अलिबढि व्यापारिक उद्देश्य निहित भएको र व्यवस्थापनको निर्णय गर्ने जिम्मा यो अध्ययनका ६८.७५ प्रतिशत महिलाले बताएका छन् । यस्तो अवस्थामा महिलाका सवालभन्दा पनि बजारमा बिक्ने समाचार तथा सवाललाई बढि प्राथमिकता दिने गरेको बताउँछन् प्रकाशक महिलाहरू ।

महिलाद्वारा सम्पादित तथा प्रकाशित पत्रिकामा महिलाका सवाललाई प्राथमिकता दिइन्छ नै तर लेख्ने जिम्मेवारी चाहिं पुरुष वा महिला जसले इच्छा गर्छ उसैले लेख्ने हो भन्ने मान्यता कायम भएको पाइयो । पुरुष भएको आधारमा महिलाको बारेमा समाचार नलेख्ने र महिला भएको आधारमा महिला सवालको समाचार मात्रै लेख्नुपर्छ भन्ने छैन भन्नुहुन्छ, धनकुटाका हिमा चेम्जोङ । साथै “मोफसलमा बिट छुट्टयाउने चलन नभएका कारण जसले पनि जुनसुकै विषयमा समाचार लेख्नु पर्ने र महिला सवालको समाचार पनि सबैले लेख्ने अधिकांश उत्तरदाताहरूको मत छ ।” तर लेख्ने क्रममा महिलाले महिलाका सवालमा कलम चलाउँदा जति महिलाका समस्या वास्तविकताको नजिकबाट

प्रस्तुत हुन्छन्  पुरुषमा त्यो अनुभूति भने पाउन अलि नसक्ने बताउँछिन्, महिला सञ्चार साप्ताहिक बाँकेकी प्रकाशक सम्पादक अछरी पोखरेल ।

## अध्याय-पाँच

# सारांश र निष्कर्ष

## ५.१ अनुसन्धानको सारांश

समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तह अध्ययनको आंशिक परिपूर्तिका लागि "*मोफसलका सम्पादक/प्रकाशक महिलाको स्थिति*" विषयमा तयार पारिएको यो अनुसन्धान एक प्राज्ञिक अध्ययन हो । यस अध्ययनमा काठमाण्डौ उपत्यका बाहिरका जम्मा बत्तिस (३२) जना सम्पादक/प्रकाशक पत्रकार महिलाहरुबाट तथ्याङ्क सङ्कलनको लागि तयार पारिएका संरक्षित प्रश्नावली भरेर प्राप्त सूचनाको अधारमा यो अध्ययनको विश्लेषण गरिएको र सोही विश्लेषणमा आधारित भएर निष्कर्षमा पुगिएको छ ।

सञ्चारको क्षेत्रमा आएको क्रान्तिले सामाजिक तथा राजनीतिक परिवर्तनको गतिलाई नै द्रुत बनाई दिएको छ । गाउँलाई सहरसम्म र सहरलाई अन्तर्राष्ट्रिय जगतसम्म जोडिदिएको छ । सञ्चारका साधनहरु रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अन्य साधनले संसारलाई खुम्च्याएर सानो मात्र बनाएका छैनन्, समाजका मूल्यमान्यता, संस्कार, व्यवहार, चाहना, समाजलाई हेर्ने दृष्टिकोण तथा सामाजिक संरचनालाई नै आमुल परिवर्तन गरिदिएको छ । पत्रकारिताले समाज तथा राज्य व्यवस्थाका विविध पक्षहरुको बारेमा पनि सञ्चार गर्ने भएको हुँदा समाज र राज्यलाई उत्तरदायी बनाउन र विद्यमान विभेदहरुको अन्त्य गर्न पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

समग्र पत्रकारिताका बारेमा गरिएका अध्ययन भन्दा फरक रहेर यो अनुसन्धान काठमाण्डौ बाहिर (मोफसल) का सम्पादक/प्रकाशक महिलाहरुको स्थितिको खोजमा केन्द्रित गरिएको छ । मूलतः यस अनुसन्धानले काठमाण्डौ बाहिरका सम्पादक/प्रकाशक

महिलाहरुको भोगाई, अनुभव, प्रकाशनका सिलसिलामा भएका आर्थिक समस्या, पत्रकार महिलालाई गरिने विभिन्न क्षेत्रको व्यवहार, सामाजिक तथा पारिवारिक अप्ठ्यारा अन्य विभिन्न प्रकारका चुनौति आदि जस्ता विषयमा संकलित सूचनाको आधारमा तथ्यपूर्ण निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

विगतको हिंसात्मक राजनीतिक द्वन्दात्मक अवस्थामा तथा द्वन्द्वको आडमा धेरै पत्रकार महिलाहरुले अनगिन्ती चुनौतिहरु भोग्नु पऱ्यो । यसर्थ पनि पत्रकारिता क्षेत्रमा महिलाको जीवनको सुरक्षा, पेशा र व्यक्तिगत आर्थिक पक्षको सुरक्षा तथा उनीहरुले उठान गर्ने विषयवस्तुले पितृसत्तात्मक समाजमा पार्ने प्रभाव र त्यो प्रभावबाट असुरक्षित ठान्ने समुदायले पत्रकार महिलामाथि गर्ने आक्रमण आदि सवालमा विस्तृत अध्ययन गर्नु आजको आवश्यकता पनि हो । कुनै पनि सञ्चारमाध्यम र पत्रकार महिलाको अध्ययन गर्दा मुख्यतः दुई वटा दृष्टिकोणबाट हेरिनु पर्दछ । पहिलो, सञ्चारमाध्यममा उनीहरुको भौतिक उपस्थिति वा सहभागिता र दोश्रो, सञ्चारमाध्यमले महिलासँग सम्बन्धित विषयवस्तुलाई दिने प्राथमिकता । यी दुई पाटा मध्ये यहाँ पत्रिकाको प्रकाशक/ सम्पादक महिलाहरुको स्थिति कस्तो छ ? उनीहरुको व्यवसायिक समस्या के कस्ता छन् ? अनि उनीहरु यो पेशामा किन आए अथवा किन छापा माध्यममा नै लाग्नु पऱ्यो ? संचार क्षेत्रमा भएका लैंगिक विभेद, यो पेशा सम्बन्धि पत्रकार महिलाहरुको धारणा आदि प्रश्नको सेरोफेरोमा रही शोधपत्र तयार गरिएको छ ।

यो अध्ययन क्षेत्रमा जम्मा अठ्तीस (३८) जना महिलाहरु प्रकाशक/सम्पादक पाइए । तर अध्ययनको लागि सर्भेक्षण प्रश्नावली भर्ने क्रममा सबैजनाबाट उत्तर प्राप्त हुन नसकेको हुनाले देशभरिबाट प्राप्त भएका ३२ जना उत्तरदाताको जवाफलाई नै तथ्याङ्क विश्लेषणको आधार मानिएको छ । अध्ययनको लागि मुख्य रुपमा प्राथमिक तथा द्वितीय प्रकारका तथ्याङ्कका स्रोतहरुलाई अनुसन्धान विधिका आधारमा प्रयोग गरिएको छ । प्राथमिक स्रोत अनुसार तथ्याङ्क संकलन गर्न इमेलबाट संरक्षित

प्रश्नावली सम्बन्धित उत्तरदातालाई पठाइएको थियो । इमेलबाट प्रश्नावली भर्न सम्भव नभएका व्यक्तिसँग फोनबाट प्रश्नावली भरिएको छ ।

यस अध्ययनको नमूना छनौटमा परेका र सर्भेक्षणमा संलग्न पत्रकार महिलाहरु मध्य एक जना वि.सं. २०२९ सालदेखि यस पेशामा आवद्ध भएको पनि पाइयो । अरु बाँकी त्यो भन्दा पछि विभिन्न समयदेखि यो पेशामा आवद्धता हुँदै आएको पाइयो । जम्मा सर्भेक्षित ३२ जना मध्ये जिम्मेवारीको दृष्टिले जम्मा १७ जना सम्पादक मात्र, ३ जना प्रकाशक मात्र र १२ जना प्रकाशक/सम्पादक दुवै भएको पाइयो । पत्रकारिता कति जनाको रहरको क्षेत्र हुन्छ त, कतिले समाज र राष्ट्रलाई योगदान दिने र कति ले यसैलाई आयआर्जनको पेशा बनाएका छन् । कतिले पत्रकारितामा नै औपचारिक शिक्षा लिएर पत्रकारिता पेशा अङ्गालेको पाइन्छ त कतिले तालिम तथा अनौपचारिक शिक्षामा आधारित भएर कलम चालाएका छन् । यस अध्ययनमा सर्भेक्षित सम्पादक/प्रकाशक महिलाद्वारा प्रकाशित पत्रिका खास गरी दुई प्रकारका पाइए । यसमध्ये २ वटा अर्थात ६.२५ प्रतिशत दैनिक र ३० वटा अर्थात ९३.७५ प्रतिशत साप्तहिक रुपमा प्रकाशित भइरहेको पाइयो ।

पत्रपत्रिकाको प्रकाशन र बिक्री वितरणको अवस्था अध्ययन गर्दा यस अध्ययनमा संलग्न प्रकाशक/सम्पादक महिलाले प्रकाशन गरेका पत्रपत्रिकाहरु पाँच सयदेखि ६ हजार ५ सय प्रतिसम्म प्रकाशन भइरहेको पाइयो । तर बजार प्रतिस्पर्धात्मक छ, भन्छन् सबै उत्तरदाताहरु । कुनै समय वा विशेष अवस्था (दशैं, तिहार जस्ता चाडपर्व तथा विद्यालयमा शैक्षिक सत्र शुरु हुँदा) नियमित प्रकाशित सङ्ख्याभन्दा बढि प्रकाशन गर्ने गरेको उत्तरदाताहरुकै भनाइ छ । पत्रिका प्रकाशनमा मासिक करिब १५ हजारदेखि डेढ लाखसम्म खर्च हुने गरेको छ, आम्दानी पनि एक लाख चालिस हजारसम्म भएको पाइयो भने २० प्रतिशत घाटामै चलेको देखिन्छन् । पत्रकारिता क्षेत्र समग्रमा चुनौतिपूर्ण मानिन्छ चाहे त्यो महिलाहरुको लागि होस् वा पुरुषको लागि । त्यसमा पनि छापा

पत्रकारिताका आफ्नै समस्याहरु छन् । पत्रिका प्रकाशन गर्दा लाग्ने लागतको तुलनामा पत्रिका बेचेर प्राप्त हुने आम्दानी कमै हुन्छ ।

यो अध्ययनको एउटा महत्वपूर्ण पक्ष सम्पादक महिलाहरुको स्थिति अध्ययन गर्नु हो । अनुसन्धानमा संलग्न महिलाहरुको अनुभवको अभिव्यक्तिलाई आधार मान्दा काठमाण्डौ बाहिर बसेर पत्रपत्रिकाको सम्पादक हुनु कम चुनौतिपूर्ण कार्य हैन । सम्पादनको कार्य छापा पत्रकारितामा उच्चतम् जिम्मेवारी र क्षमताको मानिए पनि विविध कारण जस्तै, कम लागतका प्रकाशन गृहले धेरै कर्मचारी राख्न नसक्ने, स्थानीय तहमा दक्ष जनशक्तिको अभाव, पत्रिका सम्पादन मात्र गरेर पूर्ण रोजगारी नहुने आदि कारणले सम्पादनको अलवा, सम्वाददाता, स्तम्भकार, कार्यालय व्यवस्थापन जस्ता जिम्मेवारी समेत सम्पादक महिलाले लिएको पाइयो । खासगरी सम्पादक र प्रकाशक दुबै भएको स्थितिमा परिवारले लगानी गरेको प्रकाशन गृहको मुख्य जिम्मेवारी नै महिलाले लिएको तर आर्थिक तथा प्रशासनिक पक्षको अन्तिम निर्णय भने पुरुषले गर्ने गरेको अधिकांश तथ्यांक पाइयो ।

अन्तमा, यो अध्ययनले नेपाली पत्रकारिता जगतको छापा माध्यममा पनि काठमाण्डौ बाहिर रहेर पत्रिका सम्पादन/प्रकाशनको जिम्मेवारीमा रहेका महिलाहरुको स्थितिको एक झलक दिएको छ जसले गर्दा पत्रकारितामा आवद्ध महिलाहरुको समग्र स्थिति बुझ्न सहयोगी हुने अपेक्षा गर्न सकिन्छ ।

## ५.२ अनुसन्धानको निष्कर्ष

**"मोफसलका सम्पादक/प्रकाशक महिलाको स्थिति"**, शीर्षकमा गरिएको यो अनुसन्धानमा सम्पादक तथा प्रकाशक महिलाको समग्र स्थितिको बारेमा जानकारी हासिल गर्ने जमर्को गरिएको छ । अध्ययनले देखाएअनुसार काठमाण्डौ उपत्यका बाहिरका जिल्लाहरुमा जम्मा ३८ जना प्रकाशक/सम्पादक महिलाहरु पाइएको र ती

मध्ये ३२ जनालाई मात्र यो अध्ययनमा समेट्न सकिएको छ । तर यो संख्या १६ जिल्लामा मात्र हो । त्यसबाहेकका जिल्लाहरुमा यो अनुसन्धान गरिएको मितिसम्म महिलाहरु सम्पादक वा प्रकाशक भए पत्रिका प्रकाशित भएको पाइएन । अध्ययनले पत्रकारिताको पनि सम्पादक तथा प्रकाशकको जिम्मेवारीमा रहेका महिलाहरुले पेशाको सिलसिलामा भोगिरहेका समस्या, पत्रिका प्रकाशनको स्थिति तथा पत्रकारिता पेशा अङ्गाल्दा उनीहरुलाई परिवार र सामाजले हेर्ने दृष्टिकोण जस्ता विषयलाई समेटेको छ ।

यो अध्ययनमा सर्भेक्षित ३२ जना मध्ये १७ जना सम्पादक छन् तर उनीहरु त्यो भूमिका र जिम्मेवारीमा मात्र रहन सम्भव नभएको देखियो । सामान्यतय सम्पादकले पत्रिका सम्पादनको काम गर्छ अथवा गर्नुपर्ने हो । तर यहाँ सम्पादक महिलाहरुले भने हकर (पत्रिका बेच्ने) सम्मको काम पनि गर्नुपरेको छ । रिपोर्टरले गर्ने रिपोर्टिङ (समाचार संकलन) देखि आफैं पत्रिका सेटिङ गर्ने, विज्ञापन सङ्कलनका लागि आफैं जानुपर्ने अवस्था छ । जसले गर्दा उनीहरुले आफ्नो क्षमता विकास गर्न पाएका छैनन् । यो अध्ययनको क्रममा पनि भेटियो कि सम्पादक बनेका अधिकांश महिलाहरुले सम्पादनसम्बन्धी कुनै तालिमहरुसमेत लिन पाएका छैनन् । यसले गर्दा गुणस्तरीय पत्रकारितामा पनि असर पारिरहेको हुन्छ ।

करिब दुई तिहाइभन्दा पनि बढीलाई पत्रकारिता पेशामा लाग्दा परिवार र समाजले सकारात्मक दृष्टिकोणले हेर्ने गरेको छ । यसले पत्रकारितामा महिला सहभागिता तथा सङ्ख्यात्मक वृद्धिको लागि सकारात्मक सन्देश दिने देखिन्छ । आगामी दिनमा महिला पत्रकारितामा आउँदा यसले आशा लाग्दो भविष्य देखाएको छ ।

थोरै संख्यामा भए पनि महिलाहरु संचारगृह संचालन गर्ने अथवा संचार गृहको नेतृत्व गर्ने ठाउँमा पुगेका छन् । तर अध्ययनमा समेटिएको दैनिक र साप्ताहिक गरी ३२ जनामध्ये दुई जना मात्र महिला सम्पादकद्वारा सम्पादित, प्रकाशित दैनिक पत्रिका छन् अर्थात जम्मा २ वटा मात्र पत्रिका दैनिक प्रकाशन हुने छन् । यसैगरी सूचना विभागले गर्दै आएको वर्गीकरणमा महिलाहरुद्वारा प्रकाशित पत्रिकाहरु कुनै पनि पत्रिका 'क' वर्गमा परेका छैनन् । 'ख' वर्गमा १० वटा छन् भने 'ग' वर्गमा ८ र 'घ' वर्गमा ७ वटा र ३ वटा वर्गिकरणको प्रक्रियामा छन् भने बाँकी ५ वटा मापदण्ड पुग्नै बाँकी छ । यसले गर्दा राज्यले वर्गीकरणको आधारमा दिने सेवा सुविधाबाट वञ्चित भएका छन् । त्यसैअनुसार पाठक र विज्ञापनदाताहरुले पनि कम मूल्यांकन गर्ने भएकाले 'क' वर्गमा पार्नका लागि गर्ने उपायतर्फ महिला प्रकाशकहरु लाग्नुपर्छ ।

महिलाका सवालसँग सम्बन्धित मुद्दा तथा सूचनाहरु मिडियामार्फत ल्याउन सहयोग पुगेको छ तर व्यावसायिक रुपमा हेर्ने हो भने अधिकांश प्रकाशन गृह घाटामा गएका छन् । विशेष गरी प्रकाशक महिलाहरु यो समस्यामा छन् । छपाइ, कागज खर्च, सम्पूर्ण कार्यालय तथा कर्मचारी खर्चसमेत गरेर पत्रिका बिक्री र विज्ञापनले खर्च उठ्ने गरेको छैन । पाठक, बजार र विज्ञापनको पहुँचसम्म पुग्न महिला प्रकाशक, सम्पादकहरुले अझै सकिरहेका छैनन् । विज्ञापनदाताहरुले पुरुषहरुले प्रकाशित गरेको पत्रिकालाई विज्ञापन दिने तर महिलाद्वारा प्रकाशित पत्रिकालाई अझै विश्वास नगरेको तथा विज्ञापन नदिने गरेका छन् । यसले के देखाउँछ भने अझै पनि महिलाहरु आफैं संचारगृह संचालन गर्न सक्छन् भन्ने नपत्याएको जस्तो देखिन्छ भने विज्ञापनदाताहरु अधिकाशं पुरुष हुन्छन् र पुरुषहरु

गएर सँगै खाने, बस्ने, नियमित भेटघाट गर्छन् तर महिलाहरुले त्यसो गर्न संभव छैन । त्यसले गर्दा पनि महिलाहरुले प्रकाशित गरेका पत्रपत्रिकाहरु घाटामा चलिरहेका हुन् ।

विभिन्न चुनौतिका बाबजूद पनि महिलाहरु यो क्षेत्रमा छन् । तर उनीहरु यो पेशामा लाग्नुका पछाडि पनि विभिन्न कारण छन् । पुरुष सम्पादक भएको पत्रपत्रिकाले समाचार, लेख तथा विचारहरु नछाप्नु, महिला सवालका विषयलाई पत्रपत्रिकाहरुले प्राथमिकताका साथ प्रकाशित नगर्दा तथा चुनौतिपूर्ण पेशा भएकाले चुनौतिपूर्ण काम गर्न भनेर पनि महिलाहरु पत्रकारिता पेशामा लागेको र त्यसबाटै संचारगृह चलाउने प्रकाशक अथवा संचारगृहको नेतृत्व तहमा सम्पादक भएका हुन् । यसरी आइपरेका विभिन्न चुनौतिहरुलाई उनीहरुले बिस्तारै पन्छाउँदै अघि बढिरहेका पनि छन् जुन सकारात्मक पाटो हो ।

पत्रकारिताको क्षेत्रको पनि नेतृत्व तह र व्यवस्थापिकीय प्रमुख भएर काम गर्नु सहज छैन । अझ महिलाहरुलाई महिला भएका कारण विशेष परिसिथितिहरुमा थप समस्या पर्छ भन्ने निष्कर्ष अध्ययनको हो । जस्तै अफआवर ड्युटी (रात, साँझ, बिहान जुनसुकै समयमा) पनि काम गर्नुपर्ने, समाचार तथा लेख प्रकाशन गर्दा आउने असूरक्षाको स्थिति र विवाहित महिलाहरुको सवालमा परिवारका सदस्यहरुले नबुझ्दा विवाहित महिलालाई भन्दा थप समस्या पर्ने गरेको छ भने बच्चा जन्मिएपछि उसको लागि दिनुपर्ने समय र कार्यालय समय मिलाउन झन् कठिनाइ पर्ने देखिएको छ । त्यसका साथै उपत्यका बाहिर प्रकाशक सम्पादक जस्तो उच्च तहमा भए पनि काम भने समाचार संकलन, लेखनदेखि, प्रुफ हेर्ने तथा पत्रिका डिजाइन र छापाखानासम्म पुऱ्याउने

गरिएको पनि पाइएको छ र प्रकाशनपछि फेरि बजारसम्म अर्थात पाठक र विज्ञापनदाता पुऱ्याउनु पर्ने यो वास्तविकता उपत्यका बाहिरका प्रकाशक सम्पादक महिलाको छ ।

हाम्रो सामाजिक, राजनीतिक तथा सरकारी संरचना पत्रकारिता क्षेत्रमा लाग्ने महिलाहरुको सन्दर्भमा विगतको तुलनामा परिवर्तनमुखी भने हुँदै गएको छ । हाल आएर परिवार, समाज तथा राष्ट्र नै पत्रकार महिलाहरूलाई अगाडि बढाउन केही हदसम्म सहयोगी हुँदै गएको पनि यथार्थ हो । जस्तो पत्रकार महिलाहरुलाई आफ्नै परिवारले सहयोग गर्ने तथा समाजले पनि सकारात्मक दृष्टिकोणले हेर्न थालेको छ भने राज्यले पनि थप सेवा सुविधा र वर्गीकरणका लागि थप अङ्क दिन थालेको छ ।

अन्तमा, सम्पादक र प्रकाशक दुवै अथवा सम्पादक वा प्रकाशक मध्ये कुनै एक जिम्मेवारीमा भएर पनि महिला भएकै कारणले यस क्षेत्रमा भोगेकायावत भोगाई तथा उनीहरूले लिएको जिम्मेवारीमा बसेर काम गर्दा सामना गरिरहेका चुनौतिहरूको बारेमा अध्ययनले स्पष्ट चित्रण गर्ने प्रयास गरेको छ ।

## सन्दर्भ सामग्री

आदित्य,आनन्द (सं.) ।२०५३। **जनसञ्चार र प्रजातान्त्रिकरण नेपालको सन्दर्भमा एक अध्ययन,** काठमाडौँ, सर्वाङ्गिण विकास अध्ययन केन्द्र ।

उप्रेती, टङ्क । २०६६। **सञ्चार अनुसन्धानः पद्धति र अभ्यास**, ललितपुर, साझा प्रकाशन ।

देवकोटा, गृष्मबहादुर ।२०२४। **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,** काठमाडौँ, दोस्रो संस्करण । ललितपुरः साझा प्रकाशन ।

थापा, मञ्जु । (२०६८) । **पत्रकारितामा महिला सहभागिता**, वर्ष १७ अङ्क १३, २०६८ फागुन ३, पेज ६, बुधबार साप्ताहिक । काठमाडौँ ।

नेपाल, किशोर (संयोजक) । २०५५। **नेपाली पत्रकारिताको विकासक्रम,** काठमाडौँ, प्रेस काउन्सिल नेपाल ।

नेपाल पत्रकार महासङ्घ दाङ शाखा ।२०६३। **चौथो अंग वार्षिक प्रकाशन,** दाङ, नेपाल पत्रकार महासङ्घ ।

नेपाल प्रेस काउन्सिल। २०६५। **संहिता त्रैमासिक जर्नल भाग १-३,** काठमाडौँ, नेपाल प्रेस काउन्सिल ।

नेपाल पत्रकार महासङ्घ ।२०६६। **प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन २००९,** काठमाडौ, नेपाल पत्रकार महासङ्घ ।

नेपाल सरकार ।२०६४। **पत्रकार आचारसंहिता -२०६० (संशोधित तथा परिमार्जित)**, काठमाडौँः प्रेस काउन्सिल नेपाल ।

नेपाल सरकार ।२०६४। **नेपालको अन्तरिम संबिधान -२०६३,** काठमाडौँः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार । २०५९। **नेपाल अधिराज्यको संविधान -२०४७,** काठमाडौँः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार ।२०६४। **सूचनाको हकसम्बन्धी ऐन,** काठमाडौँ, सूचना तथा सञ्चार मन्त्रालय ।

नेपाल सरकार ।२०६४। **छापाखाना, प्रकाशन, तथा प्रसारणसम्बन्धी ऐन *२०४८* (संशोधन २०६४),** नेपाल ऐन संग्रह खण्ड ६ (क), काठमाडौं, कानुन किताब व्यवस्था समिति ।

प्रेस काउन्सिल नेपाल ।२०६५। **वार्षिक प्रतिवेदन नेपाल प्रेस काउन्सिल,** काठमाडौंः प्रेस काउन्सिल नेपाल ।

प्रेस काउन्सिल नेपाल। २०४९। **प्रकाशनको दिग्दर्शन,** तेश्रो संस्करण । काठमाडौं, प्रेस काउन्सिल नेपाल ।

बस्नेत, बबिता । २०५६। महिला पत्रकारका समस्या, घटना र विचार, ३० असार, पृ.६ ।

विकास पत्रकार मञ्च ।२००७। **कार्यक्षेत्रमा पत्रकारहरूका भोगाइ एक अध्ययन,** काठमाडौंः विकास पत्रकार मञ्च ।

मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र ।२००५। **नेपाल प्रतिवेदन २००४/२००५ (प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति),** काठमाडौं, मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र

मिडिया सर्भिसेज इन्टरन्यासनल । २०६०। **मोफसलका पत्रकार, सर्वेक्षण प्रतिवेदन,** काठमाडौंः मिडिया सर्भिसेज इन्टरन्यासनल ।

सूचना विभाग । २०६६। **मिडिया डाइरेक्टरी, २०६६** । काठमाडौं, सूचना विभाग ।

सूचना विभाग । २०६८। **मिडिया डाइरेक्टरी, २०६८** । काठमाडौं, सूचना विभाग ।

शर्मा, नारायणप्रसाद ।२०५५। **राप्तीको पत्रकारिता,** पत्रकारिता र यसका चुनौतीहरू (कार्यपत्र संग्रह), पृ २४ २७। काठमाडौं, प्रेस काउन्सील नेपाल ।

क्षेत्री, अञ्जु तथा अरुहरु । २०५९ । पत्रकारितामा महिला प्रश्न, काठमाण्डौः नेपाल प्रेस इन्ष्टिच्युट ।

# अनुसूची खण्ड

## अनुसूचि १ः अनुसन्धान सर्भे प्रश्नावली

१. व्यक्तिगत जानकारी सम्बन्धी प्रश्नहरू

१.१ नामः १.२ ठेगाना : विकासक्षेत्र : जिल्ला :
नपा/गाविसः १.३ उमेर : १.४ वैवाहिक अवस्था : १.५ शैक्षिक योग्यता :

१.६ पत्रकारितामा प्रवेश : १.७ पत्रिकाको नाम र किसिम

२. पत्रिका प्रकाशन कहिले सुरु गर्नुभयो ? प्रकाशन सुरु भएको जम्मा वर्ष..........वा मितिः..........

३. पत्रकारितामा परिवारका अरु सदस्य छन् कि छैनन् ?

क) छन् ...../ भए कति जना हाल कुन काममा कार्यरत ? ख) छैनन्

४. परिवारका सदस्यहरूबाट तपाईलाई कत्तिको सहयोय हुन्छ?

१. राम्रो सहयोग छ। २. खसै सहयोग हुदैन। ३. असहयोग छ। ४. भन्न चाहन्न।

५. आफूले प्रकाशित गरेको पत्रिकामा कति पत्रकार कार्यरत छन् ? ................................

६. किन पत्रकारिता र त्यसमा पनि छापा माध्यममा नै लाग्नुभएको ?

७. किन आफैंले पत्रिका प्रकाशन गर्नुभएको ?

८. पत्रिका प्रकाशन गर्दा कस्ता समस्या बढी भोग्नुपरेको ?

आर्थिक .................. कस्ता-कस्ता

सामाजिक ................ कस्ता-कस्ता

अन्य भए कस्ता समस्या तथा चुनौती ? ........................................

९. महिला पत्रकारलाई विशेषत कस्ता खालका सुरक्षा चुनौतीहरू छन् ?

१०. पत्रिका प्रकाशनमा कति खर्च लाग्छ र त्यसमध्ये कति सङ्कलन हुन्छ ?

११. पत्रिका कति प्रति प्रकाशन गर्नुहुन्छ ? ती मध्ये कति बिक्री हुन्छ ?

१२. पत्रकारिता सम्बन्धी अनौपचारिक शिक्षा तथा तालिम ?

१. पत्रकारिता विषयमा औपचारिक शिक्षा : .........२. सम्पादन सम्बन्धी :...........

३. अन्य कुनै ...........४. नलिएको भए किन ? .................

१३. पत्रकारितामा लागेपछि समाजको दृष्टिकोण कस्तो पाउनु भएको छ ?

१. सकारात्मक ......................२. नकारात्मक ...............३. खासै फरक छैन.................

१४. महिला प्रकाशक/सम्पादकलाई पुरुष प्रकाशक/सम्पादकलाई भन्दा थप समस्याहरू पर्ने गरेको छ ? १. छ /भए कस्तो किसिमको ..............२. छैन ..................

१५. आफ्नो परिवारका कोही सदस्य वा सन्तानलाई पत्रकारितामा लाग्न प्रेरित गर्नुहुन्छ कि हुँदैन ? १. गर्ने भए किन ?...................२. नगर्ने भए किन ?............................

१६. तपाईं जुन जातीय समुदायको हुनुहुन्छ, यो समुदायबाट पत्रिकारितामा लागेका कारण कुनै अप्ठ्यारो/समस्या परेको छ ?

जाति कुन ....................../ समस्या भए ..........................................

१७. तपाईको पत्रिका वा पत्रिकाले उठाएका विषयवस्तुले समाजमा पारेको प्रभाव ?

१८. तपाई नेपाल पत्रकार महासङ्घमा आवद्ध हुनुहुन्छ कि हुनुहुँदैन ?

१. छ ....../कहिलेदेखि ....................... छैन......... / किन ?....................

१९. नेपाल पत्रकार महासङ्घले तपाईंलाई यो ठाउँसम्म आइपुग्न सहयोग गरेको छ कि छैन ?

१. छ ........../ भए कस्तो................... २. छैन /.नभए किन ?....................

२०. सरकारको तर्फबाट *(महिलाद्वारा प्रकाशित पत्रिका भएका कारण)* पाएको कुनै सहयोग ?

१. छ ....../कस्तो ? ..............२. छैन......... / किन ?

-महिला भएकै कारण पाउनुपर्ने सहयोग नभएर ....................

–सरकारको बेवास्ताका कारण .............. –अन्य कुनै कारण ..............

२१. तपाईंको पत्रिका वर्गीकरणमा परेको छ कि छैन ?

१. छ ....../ कुन ? ..................... २. छैन....... / किन ? ....................

२२. विज्ञापनदाताहरूले महिला र पुरुष प्रकाशक/सम्पादकहरू बीच विज्ञापन दिनमा फरक गरेको अनुभव छ कि छैन ?

१. छ ....../कसले, कहिले, उदाहरण सहित ........... २. छैन......................

२३. तपाईंको पत्रिका प्रकाशनको प्रकार तलाका मध्य कुन हो ?

१. पत्रपत्रिका दैनिक..............२. साप्ताहिक .............३. अन्य कति ..............

२४. ती मध्ये कति संचारगृहका प्रमुख महिला छन् । .............................

२५. पुरुषद्वारा संचालित संचारमाध्यमहरूले महिला सवालका विषयलाई कत्तिको प्राथमिकता दिने गरेको पाउनुभएको छ ?

१. प्राथमिकता दिन्छन् । दिन्छन् भने कति प्रतिशत जति? ..........२. प्राथमिकता दिदैनन् । किन?

२६. महिला र पुरुषले प्रकाशित गरेको पत्रपत्रिका वितरणमा (महिलाद्वारा प्रकाशित कम र पुरुषद्वारा प्रकाशित बढी) फरक हुने गरेको छ ?

१. छ........./भए किन होला ? ...........२. छैन .......................

२७. तपाईंको पत्रिकामा पुरुष र महिला कति कति कार्यरत छन् ?

१.पुरुष पत्रकार ....................२. महिला पत्रकार ..........................

२८. ती मध्ये कसले बढी महिला सवालका समाचार लेख्ने वा लेख्न चासो राख्ने गरेका छन् ?

१. पुरुष पत्रकार ....................२. महिला पत्रकार .............

२९. तपाई विवाहित कि अविवाहित ? १. विवाहित २. अविवाहित

३०. विवाहित भएका कारण पत्रकारिता गर्न थप समस्या पर्छ ?

१. पर्छ ......./ यदि आफ्नो अनुभव भए छोटोमा लेख्नुहोला ...........२. पर्दैन ...........

३१. तपाईंको संचारगृहमा श्रमजीवि पत्रकार ऐन कार्यान्वयन गर्नुभएको छ/छैन ?

१. छ ...............(ऐन अनुसार नियुक्तिपत्र पाउने पत्रकारको सङ्ख्यासहित)

२. छैन ...........किन ............................

३२. पत्रिका प्रकाशन गर्नु उपत्यका र मोफसलमा कहाँ सहज हुन सक्ला ?

१. उपत्यका ...............कस्तो सहजता? २. मोफसल .............कस्तो सहजता ?

३३. पत्रकार महिलाहरूको सङ्ख्यात्मक र गुणात्मक वृद्धिको लागि कुन-कुन पक्षले के के गर्नुपर्छ ?

१. सरकार .....................२. पत्रकार महासङ्घ ................३. संचारगृह ......................

४. स्वयं पत्रकारिता गरिरहेका महिलाहरूको ....................

३४. पत्रकारितामा आउन चाहनेहरूलाई आफ्नो अनुभवको आधारमा के सुझाव दिनुहुन्छ ?

.................................................................................................................

पत्रकार महिलाहरूको अवस्थाको अध्ययन गर्ने अभियानमा प्रश्नावली भरेर सहयोगका पुऱ्याउनु भएकोमा धन्यवाद ! यस अध्ययनको लागि तपाईबाट लिइएका सूचना तथा तपाईको व्यक्तिगत विवरण तपाईको अनुमति विना अन्य प्रयोजनको लागि प्रयोग गरिने छैन ।

**-लक्ष्मी बस्नेत**

**अनुसूचि २: तालिका नं. ११, उत्तरदाताको नाम, ठेगाना (जिल्ला), पत्रिकाको नाम र जिम्मेवारी**

| क्रस | नाम, थर/उमेर | पत्रिकाको नाम | जिल्ला | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्रकाशक | सम्पादक |
| १. | माया पकुवाल | बरुण | झापा | x | x |
| २. | मिथिला उपध्याय | शान्ति नेपाल | सुनसरी | x | x |
| ३. | ललिता भट्टराइ | फेवा | मोरङ | x | x |
| ४. | महालक्ष्मी आचार्य | स्वतन्त्र जनआवाज | झापा | x | x |
| ५. | मेनुका पाण्डे | सूचना र सञ्चार | मोरङ | | x |
| ६. | स्मिता निरौला | हाम्रो नयाँ नेपाल | मोरङ | | x |
| ७. | सीता घिमिरे | मुचुल्का | मोरङ | | x |
| ८. | हिमा चाम्लीङ | जनविश्वास | धनकुटा | | x |
| ९. | मनिता चाम्लिङ | दिव्य राशनी | सुनसरी | x | |
| १०. | शान्ता राई | पूर्ण पुष्टि | उदयपुर | x | x |
| ११. | सरस्वतीदेवी शर्मा | नयाँ पाईलो | धनुषा | x | x |
| १२. | रञ्जु पौडेल | विजया | धनुषा | | x |
| १३. | भगिरथी कुमारी श्रेष्ठ | फूलपाती | पर्सा | x | x |
| १४. | शोभा शर्मा | सफल नेपाल | सिन्धुली | x | x |
| १५. | कविता मैनाली | स्रोत | सर्लाही | | x |
| १६. | पुनम शर्मा | सारदा | पर्सा | x | x |
| १७. | डा. सरस्वती नेपाल | न्यू सन्देश | पर्सा | x | x |
| | " | सरस्वती सृष्टि | पर्सा | x | x |
| | " | आशक्ति | पर्सा | x | x |
| | " | क्षितिजपारी | पर्सा | x | x |
| | " | दृष्टि चर्चा | पर्सा | x | x |
| १८. | समिता महर्जन | शिखरपत्र | पर्सा | | x |
| १९. | गोमा घिमिरे | राष्ट्रिय स्वाभिमान धधधायगचउबतजालभतरकधबखष्बल | कास्की | | x |
| २०. | दुर्गा भण्डारी | कास्की सन्देश www.977nepali.com, | कास्की | x | |
| २१. | अछरी पोखेल | महिला सञ्चार | बाँके | x | x |
| २२. | लोग्सरी कुँवर | हाम्रो सेती | कैलाली | x | |
| २३ | पवित्रा साउद | एन्जिल टाईम | कन्चनपुर | | x |
| २४ | दुर्गा देवकोटा | सूदुरपश्चिमको प्रयास | कैलाली | x | x |
| २५ | गंगा पौडेल ( बराल) | विजयपुर | सुनसरी | | x |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | रिता गुरुङ | गोल्डेन न्यूज राष्ट्रिय दैनिक | कास्की | | x |
| २७ | अन्जना ताम्ली | द धनकुटा हेराल्ड | धनकुटा | | x |
| २८ | सुधा देव | न्यू स्वार्णिम सन्ध्या | सप्तरी | | x |
| २९ | अनिताकुमारी साह | जानकी एक्सप्रेस | धनुषा | | x |
| ३० | विष्णु घिमिरे | नयाँ सत्ता | रूपन्देही | x | x |
| ३१ | रञ्जु लामा | ताम्सलिङ ताम्सोर | मकवानपुर | | x |
| ३२ | पुष्पा शाही | हाम्रो समाचार | बाँके | | x |
| ३३ | चन्दाकुमारी शाह | नेपाल मेल | धनुषा | | x |
| ३४ | रिकुकुमारी साह | महोत्तरी जागरण | धनुषा | | x |
| ३५ | उमाकुमारी शाह | रौतहट जागरण | रौतहट | | x |
| ३६ | उमा सिङ्खडा | बारा सन्देश | बारा | | x |
| ३७ | लिला भण्डारी | हाम्रो खबर | सुर्खेत | | x |
| ३८ | सञ्झना अर्याल | सुदुरपश्चिमको प्रयास | कैलाली | | x |